संविधान संशोधन कार्यदल चाँडै बनाउँछौं : गृहमन्त्री लेखक | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

# जनकपुर टुडे

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २०९ • २०८१ साल पुस १० गते बुधबार (25 December, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कांग्रेस सभापतिलाई हटाउन माग

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेस सर्लाहीका सभापति सुरेन्द्र प्रसाद सिंहको राजीनामा माग गर्दै केन्द्रीय कार्यालयमा उजुरी परेको छ ।

सर्लाही कांग्रेसमा लामो समयदेखि आन्तरिक विवाद चल्दै आएको छ ।सभापति सिंहविरुद्ध उपसभापति नविन प्रसाद अधिकारीको नेतृत्वमा केही पदाधिकारी समेतले उजुरी दर्ता गराएका छन् ।

सर्वोच्च अदालतले सिंहलाई भ्रष्टाचारी ठहर गरेकाले उनलाई सभापति पदमा राख्न नहुने माग अधिकारीले गरेका छन् । देशको अन्तिम न्यायालयबाट दोषी ठहर भइसकेका सभापति सिंहलाई पार्टीले तत्काल कारवाही गर्न समेत माग गरेको छ । सभापति सिंहका भाई वीरेन्द्र प्रसाद सिंह प्रदेश सभासद र काँग्रेस प्रदेश समितिका उपसभापति हुन् ।

'राजनैतिक दल सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को (ख) विपरीत तथा नेपाली कांग्रेसको नवौं संशोधित विधान २०७५ को परिच्छेद २ को दफा १३ को (ङ) अनुसार नैतिक पतन देखिने फौजदारी कसुरमा अन्तिम अदालतबाट दोषी ठहर भएमा पार्टीको साधारण सदस्यता नरहने ब्यहोरा उल्लेख छ ।

केन्द्रीय कार्यालय गम्भीर नभए धर्ना, रिले अनसनलगायतका दबाबमूलक कार्यक्रम गर्ने अधिकारीले चेतावनी दिए ।

### बालमन्दिरको लाखौं बक्यौता

# भीसी शाक्य मधेश विश्वविद्यालय लुट्दै

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा जिल्लाको बालसंगठनको जग्गा कौडीको मोलमा लिज लिएका डा. दीपक शाक्यले बहाल समेत तिरिरहेका छैनन् ।

वीरगञ्ज पब्लिक कलेजका संस्थापक डा. शाक्य नेपाल बाल संगठन पर्साको सदस्य हुँदा आफ्नै छोरा संकल्प शाक्यको नाममा वीरगञ्जको मुटु मानिने आदर्शनगरको १२ कठा जग्गा २७ वर्षको लागि लिजमा कौडीको मोलमा लिएका थिए । त्यस जग्गामा रहेको बाल संगठनको भवन समेत सोही रकममा लिज दिएको देखिन्छ ।

तर उनले कबोल गरेको रकम पनि हालसम्म दाखिला गरेका छैनन् । डा. शाक्यले छोरा संकल्प शाक्यको नाममा लिजमा लिएको सो जग्गामा आदर्श विद्यालय चलाउँदै आएका छन् ।

२०६८ असार २१ गते भएको सम्झौता अनुरुप २ वर्षको लागि १ लाख ६१ हजार र त्यसपछि महिनाको २१ हजार १ सयको दरले बाल संगठनलाई दिने उल्लेख छ । सम्झौता पत्रमा प्रत्येक तीन वर्षपछि मासिक भाडामा १० प्रतिशत रकम वृद्धि हुने शर्त राखिए पनि डा. शाक्यले त्यस अनुरुपको रकम बाल मन्दिरलाई बुझाएका छैनन् ।

नेपाल बाल संगठनका केन्द्रीय सदस्य पराग सिंहका अनुसार हालसम्म डा. शाक्यले १३ वर्षको अवधिमा पटक पटक ताकेता गरेपछि जम्मा १६ लाख रुपैयाँ दाखिला गरेका छन् । जरिवाना बाहेक २१ लाख भन्दा बढी रकम असुल गर्नुपर्ने देखिएको उनले बताए । बहाल रकम जम्मा नहुँदा बाल संगठनको अडिटसमेत हुन नसकेको सिंहले बताए ।







आदर्शनगरको मुख्य चोकमा रहेको सो जग्गा कठ्ठाको मासिक कम्तीमा १ लाख रुपैयाँ बहाल आउने देखिन्छ । महिनाको १२ लाखकै दरले वर्षको १ करोड ४४ लाख रुपैयाँ बहाल आउने जग्गा शाक्यले २ लाख ५३ हजारमा उपभोग गरिरहेका छन् ।

२०६७ सालको चैत ९ गते बाल संगठनको तत्कालीन अध्यक्ष अशोक कुमार जयसवालको अध्यक्षतामा बसेको बैठकबाट डा. शाक्यले जग्गा २२ वर्षीय छोरा संकल्प शाक्यको नाममा लिज लिएका थिए । डा.शाक्य समेत सदस्य रहेको बाल संगठनको जग्गा लिजमा दिने निर्णयमा ४ जना अनुपस्थित रहेका थिए । स्थानीय वासिन्दाहरुका अनुसार शाक्यले कार्य समितिलाई प्रभावमा पारी बिना सार्वजनिक सूचना जग्गा आफ्नो छोराको नाममा लिजको निर्णय गराएको देखिन्छ ।

पछिल्लो समय शाक्य मधेश प्रदेश सरकारले स्थापना गरेको मधेश विश्वविद्यालयको उपकुलपति(भीसी) बनेका छन् । गत आम निर्वाचनको आचारसंहिता लागु भइसकेको अवस्थामा पुरानो मितिबाट शाक्यलाई तत्कालीन मुख्यमन्त्री मो.लालबाबु राउतले भीसी नियुक्त गरेका थिए । व्यापक आर्थिक चलखेल गरेर शाक्य भीसी नियुक्त भएको आरोप लागेको थियो ।

तलब सुबिधा मधेश विश्वबिद्यालयबाट बुझ्ने तर आफ्नो निजि वीरगञ्ज पब्लिक क्याम्पसको प्रवर्द्धन र बजारीकरण गर्दै आएका भीसी शाक्यले पछिल्लो पटक सिनेट बैठक गर्न पनि आर्थिक चलखेल गरेको आरोप लागेको छ ।

मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ मात्र बजेट विनियोजन गरे पनि भीसी शाक्य र उनका दुतले प्रदेश सरकारलाई प्रभावित गर्न सफल भएको बताइन्छ । मधेश कृषि विश्वविद्यालयको बजेट रोक्का गरेर पटक पटक छानबिन गराइरहेको प्रदेश सरकारले भने मधेश विश्वविद्यालयको सिनेट बैठक समेत गरेको छ ।

मधेश विश्वविद्यालय स्थापना, भीसी र रजिष्ट्रार नियुक्ति सम्बन्धी निर्णयहरुको कागजात समेत प्रदेश सरकारसित दुरुस्त नरहेकाले केही दिन पूर्व सो विश्वविद्यालयलाई गैरकानुनी रहेको धम्की दिएको बताइएको थियो ।

मधेश विश्वविद्यालयको स्थापना नै शाक्यलाई चुनावको मुखमा भीसी बनाउन गरिएको विपक्षीहरुले आरोप लगाएका थिए । तर जनमत पार्टीका मुख्यमन्त्री सतीशकुमार सिंहलाई प्रभावमा पारेर उनले सिनेटको बैठक गरी बजेट चलाइरहेका छन् ।

शाक्य अझै वीरगञ्ज पब्लिक क्याम्पसको संस्थापक निर्देशक हुन् । विश्वविद्यालयका कयौं कर्मचारी, प्राध्यापक र पदाधिकारी शाक्यको कलेजमा कार्यरत्त रहेका छन् ।

मधेश विश्वविद्यालयले हालसम्म कर्मचारी भर्ना वा प्राध्यापक भर्नाका लागि सार्वजनिक रुपमा आवश्यकताको सूचना समेत प्रकाशन गरेको छैन ।

रकमको चलखेल गरी जग्गा र पद हत्याउन खप्पिस शाक्यले प्रदेश सरकारलाई प्रभावका लिएर विश्वविद्यालयमा समेत अनियमितता गर्न थालेको बताइन्छ ।

यस सम्बन्धमा डा. शाक्यसित सम्पर्क गर्दा उनले नियम अनुसार नै जग्गा लिजमा लिएको र त्यसबाट कुनै प्रकारको व्यवसायिक लाभ नलिएको दाबी गरे । मधेश विश्वविद्यालय समेत व्यवस्थित रुपमा अगाडि बढेको उनले बताए ।







# विषादी अवशेष प्रयोगशाला स्थापना



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको ढल्केवरमा कृषि उपज बजारमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाएकाइस्थापनागरिएको छ । बजारमा बिक्रीका लागि ल्याइएका हरियो तरकारी तथा फलफूलमा विषादीको मात्रा जाँच गर्न प्रयोगशाला एकाइ स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

नेपाल सरकारको कृषि तथा पशुपंछी विकास मन्त्रालय कृषि विभागअन्तर्गत केन्द्रीय कृषि प्रयोगशालाले एकाइको स्थापना गरेको कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष बुधेश्वर महतोले जानकारी दिए ।

केन्द्रीय कृषि प्रयोगशाला प्रमुख शान्ता कार्कीले खेतबारीमा कति मात्रामा विषादी छर्कने र विषादी छर्केको कति दिनपछि तरकारी तथा फलफूल टिप्न मिल्छ भन्नेबार जनाइन् । उनले ३५ प्रतिशतभन्दा कम देखिएमा खानयोग्य हुन्छ भने ३५ देखि ४५ प्रतिशत भएमा केही समय राखेर मात्र प्रयोग गर्नुपर्ने हुन्छ र ४५ प्रतिशतभन्दा बढी भएमा अखाद्य मानिने गरिएको बताइन् ।

# आर्थिक सूचकाङ्कबारे प्रशिक्षण सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाडौंको आयोजनामा जनकपुरधाममा तीन दिवसीय प्रमुख आर्थिक सूचकाङ्कको प्रयोग सम्बन्धि प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम मंगलबार सम्पन्न भएको छ ।



जनकपुरधाममा सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा अर्थशास्त्र तथा वाणिज्य शास्त्रका प्राध्यापक, विभिन्न पालिकाका तथ्याङ्क शाखाका प्रमुखहरू, मधेश प्रदेश सरकारका मन्त्रालयका जिम्मेवार पदाधिकारीहरू, जिल्ला तथ्याङ्क कार्यालयका प्रमुखहरू तथा पत्रकारहरूको सहभागिता रहेको थियो ।

यूकेएड तथा द एसिया फाउण्डेशनको सहयोगमा सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा देश, प्रदेश तथा स्थानीय निकायका आर्थिक सूचकका विषयहरू, सुशासन सहितका विज्ञहरूद्वारा प्रशिक्षण दिनु भएको थियो । राष्ट्रिय तथ्याङ्क कार्यालय काठमाडौंका निर्देशकद्वय पद्मराज पाण्डे र तीर्थराज बरालले प्रशिक्षण दिएका थिए ।

आइतबार देखि शुरु भएर मंगलबार सम्पन्न भएको प्रशिक्षण कार्यक्रमको समापनमा सहभागी मध्ये नेपाल पत्रकार महासङ्घका केन्द्रीय परिषद् सदस्य एवं रेडियो पालका वरिष्ठ संवाददाता अजय कुमार झा, महिला पत्रकार लक्ष्मी चौधरी, मधेश प्रदेशका अर्थमन्त्रालयका तथ्याङ्क अधिकृत राजेन्द्र आचार्य र तथ्याङ्क अधिकृत शिवनारायण महतोले मन्तव्य राखेका थिए ।

आर्थिक सूचकहरूको कसरी समाचार वा अन्य कार्यमा विश्लेषण गर्न सकिन्छ भन्ने विषयमा सहभागीहरूलाई प्रशिक्षण दिने काम भएका थिए । समापन कार्यक्रममा बोल्ने वक्ताहरूले आर्थिक क्षेत्रको सूचकहरूको विश्लेषण गरेर समाचार लेख्न तथा अन्य विश्लेषणको काम गर्नमा प्रशिक्षण कार्यक्रमले मद्दत पुग्ने विश्वास गरिइएको छ ।

# लैंगिक, जीवनउपयोगी सीप र वित्तिय, शिक्षा परियोजना सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम । लैंगिक, जीवनउपयोगी सीप र वित्तिय, शिक्षा परियोजना सम्पन्न भएको छ। परियोजना समापनको अवसरमा मंगलबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा वक्ताहरुले जीवनउपयोगी शिक्षा आजको आवश्यक्ता रहेको बताए ।

मधेश प्रदेश खेलकूद तथा समाज कल्याण मन्त्रालयका निमित्त सचिव चुडामणि फुयालले शिक्षासँगै सीप पनि आवश्यक रहेको बताए । अहिलेको युगमा परम्परागत शिक्षाले रोजगार सिर्जना गर्दैन, उनले भने-शिक्षालाई सीपसित जोडेर अघि बढ्नुपर्छ । सीप सिकेका नागरिक स्वरोजगार हुन सक्ने भएकाले शिक्षासँगै सीप पनि आवश्यक रहेको उनले बताए ।

कक्षा ९ देखि ११ सम्मका विद्यार्थीका लागि लैंगिकता जीवनउपयोगी सीप र वित्तिय शिक्षा परियोजनाका स्थानीय साझेदार लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा भएको समापन समारोहमा जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले लैंगिक समानता नहुँदासम्म सामाजिक विभेद अन्त्य हुन नसक्ने तर्क गर्दै सामाजिक रुपान्तरणको लागि यस प्रकारको परियोजना आवश्यक रहेको बताए ।



धनुषा र महोत्तरी जिल्लाको तीन पालिकामा गएको तीन वर्षदेखि लैंगिकता जीवनउपयोगी सीप वित्तिय शिक्षा परियोजना अफलातुन इन्टरनेशनलको सहयोगमा समुन्नत नेपालले स्थानीय संस्थाको समन्वयमा संचालन गरेको थियो ।

धनुषाको जनकपुरधाम उपमहानगरपालिका र महोत्तरीको बर्दिबास नगरपालिका र जलेश्वर नगरपालिकाका विद्यालयहरुका ५ हजार ६ सय ३० जना विद्यार्थीहरु लाभान्वित भएका छन् ।

जनकपुरधामको मावि संकटमोचन, जलेश्वरको मावि मलिवारा र बर्दिबासको मावि पंचधुरा चेरुका विद्यार्थीले सिकाई उपलब्धीबारे प्रस्तुतिकरण गर्दै परियोजनाले निर्धक्कसँग बोल्न र छलफल गर्न, सजहकर्ताको भूमिका निर्वाह गर्न, बचत गर्न, उद्यम संचालन गर्न, नेतृत्व गर्न, समस्या समाधान गर्न, सहकार्य, एकता र सामूहिकतालाई जोड दिन सिकाएको बताए ।

समुन्नत नेपालका निर्देशक पवनकुमार अधिकारीले तीन वर्षसम्म संचालन भएको उक्त परियोजनाले मधेशका तीन पालिकामा लिएको लक्ष्य पूरा भएको बताए । सो अवसरमा समुन्नत नेपालका गोपाल प्रसाद भट्टराईले परियोजनाको प्रगति विवरण प्रस्तुत गर्दै विद्यार्थीमा व्यक्तित्व विकास भएको बताए ।

संकटमोचन माविका शिक्षक बलराम साह, पंचधुरा माविका प्रअ रमेश प्रसाद पोखरेलले परियोजनाले विद्यार्थीमा देखिएको परिवर्तनबारे बताएका थिए ।

# सवारी दुर्घटना हुँदा एकजनाको मृत्यु

टुडे समाचारदाता

मलंगवा । पुर्व- पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको हरिवन नगरपालिका वडा न-११ मालपोत कार्यालय अगाडि सोमबार स्कुटी र ट्रैयाक्टर एकआपसमा ठोक्किँदा स्कुटी चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा हरिवन न.पा.-८ चापिनका अन्दाजी २५ वर्षीय कवि रिखाम मगर रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार लालबन्दीबाट नयाँरोड तर्फ जाँदै गरेको बा.प्र.-०२-०२८ प ६५०८ नम्बरको स्कुटीले सोही दिशा तर्फ जादै गरेको ना. ६ त ३०५० न. को ट्रैयाक्टरको टेलरमा ठक्कर दिँदा सवारी दुर्घटना भएको थियो। दुर्घटना लगत्तै गम्भीर घाइते भएका स्कुटी चालक रिखाम मगरलाई हरिवनस्थित स्वाभिमान अस्पतालमा उपचार पश्चात तत्कालै थप उपचारको लागि वीरगञ्जस्थित अस्पतालमा रिफर गरेको थियो ।

सर्लाही प्रहरीले दिएको जानकारी अनुसार स्कुटी चालक रिखाम मगरको एल एस न्युरो अस्पताल बारामा उपचारको क्रममा मंगलबार राति ९ बजे मृत्यु भएको छ। शव हाल सोही अस्पतामा रहेको प्रहरीले जानकारी गराएको छ।

स्कुटी पछाडि सवार रहेका हरिवन न.पा-८ स्थित चापिनीका अन्दाजी ४५ वर्षीय रामजी बस्नेत सामान्य घाइते भएकोले उनको स्वाभिमान अस्पताल हरिवनमा उपचार चलिरहेको छ।

# थाइल्याण्ड, कम्बोडियालगायत देशमा जाँदा सावधानी अपनाउन आग्रह

काठमाण्डु । सरकारले म्यान्मा, थाइल्याण्ड, कम्बोडिया, लाओसलगायत मुलुकहरूमा जान चाहने वा जाने तयारीमा रहेका नेपाली नागरिकलाई तीनबुँदे यात्रासम्बन्धी सूचना (ट्राभल एड्भाइजरी) सार्वजनिक गरेको छ । परराष्ट्र मन्त्रालयले सोमबार ट्राभल एड्भाइजरी जारी गर्दै नेपाली नागरिकलाई सावधानी अपनाउन आग्रह गरेको हो ।




आकर्षक तलब र सुविधा दिने भनी विभिन्न प्रलोभनहरू देखाइ नेपालमा रहेका तथा वैदेशिक रोजगार र अध्ययनको सिलसिलामा युएईसहित अन्य मुलुकमा रहेका नेपालीलाई थाइल्याण्डको बैंकक, याहुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यान्माको कायिन प्रान्तको म्यावडीमा लगी जबर्जस्ती अवैध कार्यमा लगाइएको पाइएको भन्दै सो सम्बन्धमा विगतमा पनि सचेत गराइएको मन्त्रालयले सूचनामार्फत स्मरण गरिएको छ ।

पछिल्ला दिनमा मानव बेचबिखन एवं अन्य आपराधिक गतिविधिमा संलग्न गिरोहले नेपाली नागरिकलाई कम्बोडिया, लाओस र म्यान्मामा लगी जबर्जस्ती अवैध कार्यमा लगाउने गरेको सूचना प्राप्त भएको मन्त्रालयले जनाएको छ ।

यस्तै, रोजगारदाताले राहदानी खोसिदिने, १२/१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिनेलगायत समस्या रहेको सूचनाहरू आएका जानकारी गराउँदै उद्धारका लागि नेपाली राजदूतावास याहुन र बैंककमा आवेदन गर्ने नेपालीको सङ्ख्यामा उल्लेखनीय रूपमा वृद्धि भइरहेको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिने जोसुकै व्यक्तिलाई विदेशमा पुर्याई अलपत्र पार्ने, नेपाल सरकारको प्रचलित कानुनबमोजिम निषेध गरिएका कार्यमा संलग्न हुने वा यस किसिमले क्रियाकलाप गर्ने/गराउने कार्य कानुनबमोजिम दण्डनीय भएकाले यस्ता गैरकानुनी कार्य नगर्न/नगराउन र यसतर्फ सचेत रहन सम्बन्धित सबैमा परराष्ट्र मन्त्रालयले अनुरोध छ ।

रोजगारीका अवसरको प्रलोभन देखाई युवालाई ठगी गरिरहेको र पीडितलाई गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यान्मा ल्याई बन्दी बनाएर काम गर्न लगाएको पाइएको तथा सामाजिक सञ्जालहरूमार्फत विभिन्न स्थानका एजेन्टद्वारा प्रस्तावित हुने भएकाले त्यस्ता सामाजिक सञ्जालमा प्रचार गरिएका नक्कली रोजगारीको प्रलोभनमा नपर्नसमेत आग्रह गरिएको छ ।

"वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न हुन र रोजगारीको प्रस्ताव स्वीकार गर्नु अघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्म, कम्पनी र रोजगारदाताका बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रूपमा ती फर्म, कम्पनी र रोजगारदाताको वेबसाइट जाँच गर्नुहुन अनुरोध गरिन्छ", सूचनामा भनिएको छ ।रासस


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको स्नातकको माइग्रेशन मिति २०८१/०८/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : भावना कुमारी साह**
**सिम्बोल नं.:** ४४१०१०९
**रजिष्ट्रेशन नं.:**७-२-४४१-५४-२०१४
**ठेगाना: जि.ध. जनकपुर-११, धनुषा**
**मो.नं.**९८०७८६८६७०


# सेना र प्रहरीको अस्पताल सर्वसाधारणलाई खुलाउन कार्यदल गठन

काठमाण्डु । सरकारले नेपाली सेना तथा प्रहरीका अस्पतालमा आमनागरिकलाई समेत सेवा उपलब्ध गराउनका लागि आवश्यक प्रक्रिया थालेको छ ।

नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीद्वारा सञ्चालित अस्पतालमा नागरिकलाई समेत सेवा दिने उद्देश्यले आवश्यक तयारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अतिरिक्त सचिव डा टङ्क बराकोटी नेतृत्वको कार्यदल गठन गरेको छ ।कार्यदललाई आमनागरिकलाई सेवा दिनका लागि आवश्यक कार्यविधि तयार पार्न र कार्यान्वयनको सम्भावनाबारे जानकारीसहितको प्रतिवेदन तयार गर्न भनिएको छ ।

विसं २०७४ जेठ ४ को मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरी र नेपाली सेना मातहतका संस्थाबाट सर्वसाधारणका लागि स्वास्थ्य सेवा खुला गर्ने र स्वास्थ्य मन्त्रालयबाट सम्बन्धित मन्त्रालयसँगको सहकार्यमा स्वास्थ्य सेवा प्रवाह गर्ने सहकार्यको ढाँचा एवं कार्यविधि बनाउने निर्णय गरेको थियो ।स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले कार्यदललाई सशस्त्र प्रहरीद्वारा सञ्चालित अस्पतालका हकमा अध्ययन गर्न निर्देशन दिनुभएको मन्त्रालयले जनाएको छ । कार्यदलले विज्ञ तथा सरोकार भएका निकायसँग छलफल गरे कार्यविधि तयार पार्नेछ ।



कार्यदलमा गृह तथा रक्षा मन्त्रालयका प्रतिनिधिका अलावा सेना, प्रहरी र सशस्त्रका अस्पतालका प्रतिनिधिसँगै मन्त्रालयका अधिकारी सदस्य छन् । आमनागरिकलाई सरकारी स्वामित्वका सुरक्षा निकायद्वारा सञ्चालित अस्पतालको सेवा उपलब्ध गराउनका लागि प्रक्रिया अघि बढाएको मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : दिन राम्रो छ । सोचेका काम बन्नेछन् ।
वृष :प्रतिकार गरेर बोल्ने बानीले अप्ठेरो परिस्थितिको हुन सक्छ ।
मिथुन : साना कुराले मन अशान्त बन्नेछ ।
कर्कट : राज्यको सेवामा भए महत्त्वपूर्ण काम बन्नेछ ।
सिंह :साथीभाइलेसचेत भएर काम गर्नुपर्नेछ ।
कन्या : साथीभाइ र आफन्तको साथ मिल्नेछ ।
तुला : अनुत्पादक क्षेत्रमा खर्च बढ्नेछ ।
वृश्चिक : आम्दानीका दृष्टिले दिन राम्रो छ ।
धनु : दिन राम्रो छ । साथीको साथ र प्रशंसा प्राप्त गर्ने योग छ
मकर : तपाईंले कला र गलाको प्रदर्शन गर्ने दिन हो ।
कुम्भ : साना कुराले मनमा झन्झट थप्नेछ ।
मीन : साथीले सकारात्मक व्यवहार देखाएकाले तपाईंलाई हुने

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (डक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंरचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आती | : ८:०० बजे |
| भोगाज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दि बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| ात्री आती पूजा हुने समय | : ९:३० बजे |
| ात्री मन्दि बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आती साँझ | : ०७:०० बजे |
| ात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# वायुसेवा निगमको आन्तरिक उडान ठप्प

काठमाण्डु । विमान अभावले आन्तरिक उडानमा दरिलो उपस्थिति देखाउन नसकेको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को आन्तरिक उडान ठप्प भएको छ । उडानमा रहेको एक मात्रै ट्वीनअटर विमान पनि ग्राउण्डेड भएपछि निगमको आन्तरिक उडान पूर्ण रूपमा ठप्प भएको हो ।निगमसँग आन्तरिक उडानमा दुई थान ट्वीनअटर विमान छन् । तीमध्ये एउटा विमान गत जेठदेखि ग्राउण्डेड छ भने अर्को पनि हालै ग्राउण्डेड भएको छ ।

प्राविधिक समस्या आएकाले आइतबारदेखि आन्तरिक उडान हुन नसकेको निगमका प्रवक्ता रमेश पौडेलले बताउनुभयो । उहाँले ताकेता गरेर सकेसम्म चाडै विमान उडान सेवा सञ्चालन गरिने बताउनुभयो । "प्राविधिक समस्या आएकाले केही समयलाई विमान ग्राउण्डेड भएको हो", उहाँले भन्नुभयो,"समस्या समाधानका लागि आवश्यक प्रक्रियामा सुरु भइसकेको छ । अघिल्लो विमान ग्राउण्डेड भएलगत्तै यो प्रक्रिया सुरु भएको हो ताकेता गरेर छिट्टै काम हुन्छ ।"

निगमले काठमाडौं र क्षेत्रीय हब विमानस्थलबाट दुर्गम क्षेत्रमा आन्तरिक उडान गर्दै आएको छ । निगमसँग अन्तराष्ट्रिय उडानका लागि दुई थान वाइडबडी ए ३३० र दुई थान न्यारोबडी ए ३२० विमान छन् ।रासस

# तरकारीखेतीको आम्दानीबाट जीविकोपार्जन गर्दै कुशाहाका दलित समुदाय

राजविराज । सप्तरीको सुरुङ्गा नगरपालिका-५ स्थित कुशाहाका पबितार पासवानले पाँच वर्षदेखि व्यावसायिक तरकारीखेती गर्दै आउनुभएको छ । उहाँले तरकारीखेतीबाट



परिवारको जीविकोपार्जन मात्र होइन, मनग्य आम्दानी पनि गर्दै आउनुभएको छ ।

"आजभोलि तरकारी टिप्ने, बजारसम्म लैजाने र बिक्री गर्ने कामका निकै व्यस्त हुन्छु । परिवारका सबैजना यही काममा लागिपरेका छौँ", खेतमा गोलभैँडा गोडमेल गर्दै गर्नुभएका पबितारले भन्नुभयो, "वर्षको तीन यामसम्म तरकारी लाउने गरेको छु । यसबाट वार्षिक रु एक-डेढ लाख आम्दानी हुने गरेको छ ।" उहाँले आफ्नो स्वामित्वमा रहेको दुई कठ्ठा तथा लिजमा लिएर चार कठ्ठा जमिनमा तरकारीखेती गरिरहेको बताउनुभयो ।

पबितारले यस वर्षमात्र दुई क्विन्टल काउलीबाट मात्र रु ६० हजार आम्दानी गर्नुभयो भने अहिले खेतमा गोलभैँडा लगाउनुभएको छ । उहाँजस्तै सोही ठाउँका चलितर पासवानले पनि तरकारीखेती गरेर नियमित आम्दानी गर्दै आउनुभएको छ । तरकारीखेतीको आम्दानीबाट आफ्नो १२ जनाको परिवारको जीविकोपार्जन भइरहेको उहाँलेबताउनुभयो।गोलभैँडा,काउली, भिन्डी, बोडीलगायत तरकारी लगाउने गरेको उहाँले जानकारी दिनुभयो ।

पबितार, चलितरजस्तै यस गाउँका अधिकांश विपन्न दलित परिवारको तरकारीखेतीबाट जीवतस्तर उकासिएको छ । उनीहरूले 'बिर्धना कृषिक समूह' गठन गरेका छन् । विभिन्न सङ्घसंस्था तथा स्थानीय निकायबाट संस्थागत रूपमा उनीहरूले सहयोग लिने गरेका छन् । उक्त कृषि समूहमा अहिले १६ जना सदस्य छन् ।

यहाँका गरिब तथा विपन्न दलित समुदायलाई तरकारीखेतीतर्फ आकर्षित गर्ने काम सबल नेपालले गरेको हो । किसानलाई खेतीसम्बन्धी तालिम, उपयुक्त बीउबिजन, नयाँ कृषि प्राविधिक सामग्री, मल्चिङ प्रविधि सहयोग गर्दै आएको कार्यक्रमका सुपरभाइजर अशोककुमार साहले बताउनुभयो। उहाँलेनगरपालिकासँग समन्वय गरेर आफूहरूले कृषि, शिक्षा, बालबालिकाको क्षेत्रमा निरन्तर काम गर्दै आएको जानकारी दिनुभयो ।

किसानले गरेको तरकारीखेतीको प्रभावकारिता, समस्या, चुनौती तथा समाधानका उपायको पनि संस्थाले पहिचान गर्ने गरेको जनाइएको छ । तरकारीखेतीले विपन्न दलित समुदायको जीवनस्तर नै बदलिएको भन्दै नगरपालिकाका कृषि शाखा प्रमुख रोशन चौधरीले आगामी दिनमा संस्थाले कार्यक्रम छाडेको अवस्थामा पनि नगरपालिकाले किसानलाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# गहुँखेती गर्न रासायनिक मल अभाव

सिरहा । सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका-१ का बद्री यादवले रासायनिक मल अभाव हुँदा गहुँ छर्न पाउनुभएको छैन । कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय लहानले गत मङ्सिरमा तीन चरणमा रासायनिक मल वितरण गरेको थियो । सरकारले उपलब्ध गराउँदै आएको सहुलियतको उक्त मल यादवले भने पाउन सक्नु भएन ।



यादवले धान थन्क्याएलगत्तै करिब पाँच कट्ठा जग्गामा गहुँ छर्ने तयारी गर्नुभएको थियो ।

गहुँ बालीका लागि खेत जोतेर तयार पारिसक्दासमेत उहाँले युरिया र डिएपी मल किन्न पाउनुभएन । सोमबार पनि उहाँ मल लिन लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय पुग्नुभयो । "खेती लगाउने समय घर्किसक्यो, कतैबाट पनि मल किन्न पाइएन । यहाँ त पाइन्छ कि भनेर आएको हुँ", कृषक यादवले भन्नुभयो, "तर यहाँबाट पनि मल पाउन सम्भव भएन ।"

कृषि सामग्री कम्पनी लिमिटेडले किसानलाई प्रत्यक्ष रुपमा मल दिन नमिल्ने र यसका लागि रासायनिक मल वितरण गर्ने सहकारी धाउनुपर्ने यादवले बताउनुभयो । उहाँ रित्तै घर फर्किनुभयो । अनुदानको मल मारमा समेत मल अभावले किन्न नपाएको यादवको गुनासो छ ।

यादवको जस्तै सिरहाका १७ वटै पालिकाका अधिकांश किसानले मल पाउन सकेका छैनन् । कतिपयले मल अभावका कारण गहुँ छर्न पाएका छैनन् । कतिपयले उम्रिएको गहुँमा मल छर्न सहकारी तथा अन्यत्र भौँतारिरहेका भेटिन्छन् । तर मल सहजै पाइँदैन । भेटिए पनि चर्को मूल्य तिर्नुपर्छ । स्थानीय तहको सिफारिसअनुसार सहकारीमार्फत पाउनुपर्ने मल पनि किसानले पाउन सकेका छैनन् ।

किसानका लागि रासायनिक मल एकदमै न्यून मात्रामा प्राप्त भएको लहान नगरपालिका-२ का वडाध्यक्ष सियाराम यादवले बताउनुभयो । मागको करिब एक तिहाइ मात्रामा रासायनिक मल उपलब्ध भएकाले अहिले मलको हाहाकार भएको उहाँले जानकारी दिनुभयो । किसानलाई दिइने मलको कोटा बढाउन वडाध्यक्ष यादवले सरकारसँग माग गर्नुभयो ।

भारत तथा तेस्रो मुलुकबाट सरकारले खरिद गरेर ल्याएको रासायनिक मल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनले कृषि सहकारी संस्थामार्फत किसानलाई अनुदानमा उपलब्ध गराउँदै आएको छ । स्थानीय तहमा त्यहाँका उपप्रमुख तथा उपाध्यक्षको नेतृत्वमा मल खाद्य आपूर्ति समितिको सिफारिसमा कृषि सहकारी डिलरबाट किसानलाई रासायनिक मल वितरण हुँदै आएको छ ।

सिरहामा १७ वटै पालिकामा गरी एक सय २० कृषि सहकारी डिलर रहेका छन् । यसबाटै किसानलाई रासायनिक मल वितरण गरिँदै आएको कृषि सामग्री कम्पनी लिमिटेडको शाखा कार्यालय लहानका प्रमुख दीपराज पौडेलले बताउनुभयो । उहाँका अनुसार सरकारले नै न्यून मात्रामा उपलब्ध गराएकाले अहिले मल अभाव भएको हो ।

सिरहामा ६ हजार चार सय हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये झण्डै ७५ प्रतिशतमा गहुँखेती हुने गर्छ । यसका लागि कम्तीमा चार हजारदेखि चार हजार पाँच सय मेट्रिक टन डिएपी मल र तीन हजार मेट्रिक टन युरिया मल आवश्यक पर्ने प्रमुख पौडेलले बताउनुभयो । कार्यालयले मङ्सिरमा तीन चरणमा गरी एक हजार दुई सय ७२ मेट्रिक टन मात्र डिएपी मल वितरण गरेको उहाँले जानकारी दिनुभयो । पहिलो चरणमा आठ सय ७२ मेट्रिक टन डिएपी र एक हजार मेट्रिक टन युरिया, दोस्रो चरणमा तीन सय मेट्रिक टन डिएपी र त्यति नै मात्रामा युरिया तथा तेस्रो चरणमा एक सय मेट्रिक टन डिएपी र सोही मात्रामा युरिया वितरण गरिएको थियो ।

प्रमुख पौडेलले अझै आठ सय ५० मेट्रिक टन डिएपी मल आयात गरिने बताउनुभयो । यहाँबाट वितरण गरिने डिएपी मल प्रतिबोरा दुई हजार दुई सय ७२ रुपैयाँ ५० पैसा, युरिया प्रतिबोरा आठ सय २२ रुपैयाँ ५० पैसा र पोटास एक हजार पाँच सय ७२ रुपैयाँ तोकिएको छ । धान, मकै, गहुँजस्ता प्रमुख खाद्यान्न बाली लगाउने मौसममा सधैँ रासायनिक मल अभाव हुँदा देशको अर्थतन्त्रमा समेत प्रतिकूल प्रभाव पारिरहेको छ ।रासस

# सार्वजनिक ऋण २४ खर्ब ९२ अर्ब, विकास बजेटभन्दा बढी साँवा ब्याज भुक्तानीमा खर्च

काठमाण्डु । सार्वजनिक ऋणको दायित्व बर्सेनी वृद्धि भएसँगै उक्त ऋणको साँवा ब्याज भुक्तानी खर्च पनि बढ्दै गएको छ । विकास बजेटभन्दा बढी रकम सार्वजनिक ऋणको साँवा ब्याज तिर्नमा खर्च हुन थालेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को गत मङ्सिर मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार सरकारी ऋण करिब रू २५ खर्ब हाराहारी छ ।

"चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा मङ्सिर मसान्तसम्ममा रू ५८ अर्ब ३१ करोड थप भई कूल सार्वजनिक ऋण रू २४ खर्ब ९२ अर्ब ९१ करोड पुगेको छ । जुन कूल गार्हस्थ उत्पादनको ४३ दशमलव ६९ प्रतिशत हुन आउँछ", प्रतिवेदनमा भनिएको छ, "मङ्सिर महिनामा रू ५८ अर्ब २४ करोड ऋण दायित्व भुक्तानी तथा २१ अर्ब २३ करोडमात्र ऋण प्राप्ति भएको र विनिमय दरमा भएको घटबढको प्रभावले कात्तिक मसान्तसम्मको तुलनामा मङ्सिर मसान्तसम्ममा रू २५ अर्ब ६४ करोड ऋण दायित्व घट्न गएको छ ।"

कार्यालयका अनुसार सरकारले हालसम्म तिर्न बाँकी आन्तरिक ऋणको दायित्व रू १२ खर्ब १७ अर्ब ६६ करोड १८ लाख अर्थात् कूल सार्वजनिक ऋणको २१ दशमलव ३४ प्रतिशत छ । त्यसैगरी बाह्य ऋण दायित्व रू १२ खर्ब ७४ अर्ब ७५ करोड अर्थात् २२ दशमलव ३५ प्रतिशत छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रू पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा मङ्सिर मसान्तसम्ममा रू एक खर्ब ९२ अर्ब २९ करोड ऋण उठाइसकेको छ । वार्षिक लक्ष्यको तुलनामा पाँच महिनाको कूल सार्वजनिक ऋण प्राप्ति ३५ दशमलव १५ प्रतिशत बराबर हो । चालु आर्थिक वर्षका लागि आन्तरिक ऋणतर्फ रू तीन खर्ब ३० अर्ब उठाउने लक्ष्य रहेकोमा हालसम्म वार्षिक लक्ष्यको ४९ दशमलव ७० प्रतिशत अर्थात् रू एक खर्ब ६४ अर्ब बराबर ऋण उठाइसकेको छ ।

यसैगरी रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको १३ दशमलव ०४ प्रतिशत अर्थात् रू २८ अर्ब २९ करोड १८ लाख प्राप्त भएको छ ।

सार्वजनिक ऋणको साँवा ब्याज तिर्न सरकारले चालु आर्थिक वर्षका लागि रू चार खर्ब दुई अर्ब बजेट छुट्याइएको छ ।

मङ्सिर मसान्तसम्ममा रू एक खर्ब ७० अर्ब ४९ करोड साँवा ब्याज भुक्तानी भएको कार्यालयले जनाएको छ ।




कूल गार्हस्थ उत्पादनको आधारमा मङ्सिर मसान्तसम्मको कूल ऋण सेवा खर्च दुई दशमलव ९९ प्रतिशत रहेको छ । सरकारले विकास निर्माणमा विनियोजन गर्ने वार्षिक बजेट अर्थात् पुँजीगत शीर्षकको तुलनामा सरकारी ऋणको साँवा ब्याज तिर्न छुट्याइने बजेट बढी छ । चालु आर्थिक वर्षका लागि सरकारले पुँजीगत शीर्षकमा रू तीन खर्ब ५२ अर्ब ३५ करोड बजेट विनियोजन गरेको थियो । जबकी सरकारी ऋणको साँवा ब्याज तिर्न चालु आर्थिक वर्षका लागि रू चार खर्ब दुई अर्ब बजेट छुट्याइएको छ ।रासस

# वीरगञ्ज नाकाबाट चारपाङ्ग्रे सवारीको आयात घट्यो



वीरगञ्ज । वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा चारपाङ्ग्रे सवारीसाधनको आयात घटेको छ । वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको पाँच महिनामा रु ९२ करोड तीन लाख ३६ हजार मूल्य पर्ने चार सय ८२ जीप, कार र भ्यान आयात भएका छन् ।

गत आवको पाँच महिनाका तुलनामा चालु आवको सोही अवधिमा संख्याको आधारमा ३८ दशमलव १३ प्रतिशत र राजस्वको आधारमा १६ दशमलव ४३ प्रतिशतले सवारीसाधनको आयात घटेको हो ।

जबकि गत आवको सोही अवधिमा भने रु एक अर्ब २० करोड १४ लाख दुई हजार मूल्य पर्ने सात सय ७९ वटा जीप, कार र भ्यानको आयात भएको थियो ।

ती सवारीसाधन आयात हुँदा कार्यालयले रु दुई अर्ब ८० करोड ९१ लाख राजस्व सङ्कलन गरेको थियो ।

इन्धनबाट चल्ने जीप, कार र भ्यानको मात्रै नभएर वीरगञ्ज नाका हुँदै भित्रिने चारपाङ्ग्रे विद्युतीय सवारीसाधनको पनि आयात घटेको भन्सारको तथ्याङ्कले देखाएको छ । चालु आवको पाँच महिनामा यो नाका हुँदै रु १४ करोड ७८ लाख छ हजार मूल्य पर्ने ९७ विद्युतीय जीप, कार र भ्यानको आयात भएको छ ।

गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा विद्युतीय सवारीसाधनको संख्याका आधारमा आयात ५९ दशमलव ०७ प्रतिशत र राजस्व सङ्कलनका आधारमा भने ५८ दशमलव ६३ प्रतिशतले गिरावट आएको छ । गत आवको सोही अवधिमा भने ४६ करोड ५८ लाख ५३ हजार मूल्य पर्ने दुई सय ३७ वटा विद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो । ती सवारीसाधन आयात हुँदा कार्यालयले रु २० करोड ३५ लाख ५८ हजार राजस्व सङ्कलन गरेको थियो ।रासस


## मिथिला बिहारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
तारापट्टी, धनुषा
मधेश प्रदेश, नेपाल

## पदपुर्ति सम्बन्धी सूचना

सहयोगी शिक्षक छनौट समितिको मिति २०८१/९/९ गतेको निर्णयानुसार मिथिला बिहारी नगरपालिका धनुषा अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा (माध्यमिक विद्यालय) सूचना प्रविधि सम्बन्धि कार्य तथा अन्य कार्य गर्नको लागि देहाय बमोजिमको कम्प्युटर अपरेटर र पाले पदहरुको लागि सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट रीतपुर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. सेवा करारमा नियुक्ती गर्नुपर्ने पदहरू :-**

**(क) कम्प्युटर अपरेटर** **कुल माग पद संख्या : ४**

| क्र.सं. | विज्ञापन नं. | समुह | पद संख्या | उमेरको हद | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०८१/०८२ | खुला | ४ | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | प्रविणता प्रमाण पत्र तह र कम्प्युटर सम्बन्धि ६ महिनाको तालिम लिएको | |

**(ख) पाले** **कुल माग पद संख्या : ७**

| क्र.सं. | विज्ञापन नं. | समुह | पद संख्या | उमेरको हद | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०७/२०८१/०८२ | खुला | ७ | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | साधारण लेखपढ | कार्यालय सयमबाहेक अन्य सम्पूर्ण समयमा कामकाज गर्ने |

**२. दरखास्त पेश गर्नुपपर्ने आवश्यक कागजातहरू :-**
(क) तोकिएको स्थानमा परीक्षा दस्तुर तिरेको सक्कल रसिद १ प्रति
(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी १ प्रति
(ग) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु, लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपी १/१ प्रति
(घ) विदेशी शिक्षण संस्था वा विश्वविद्यालयमा अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

**३. दरखास्त फाराम भर्ने अन्तिम मिति** : पत्रिकामा प्रकाशन भएको मितिले १५ दिन भित्र (२०८१/९/२४)

**४. दरखास्त फाराम पाइने/बुझाउने स्थान र समय** : बिहान १०:०० बजे देखि दिउँसो ४:०० बजेसम्म शिक्षा, युवा तथा खेलकुद शाखा ।

**५. परीक्षाको किसिम** : अन्तर्वाता र प्रयोगात्मक : उपयुक्त उम्मेदवार छनौटको लागि अन्तर्वाता र प्रयोगात्मक परीक्षा संचालन हुनेछ । (कम्प्युटर अपरेटरको हकमा प्रयोगात्मक परीक्षामा नेपाली टाइपिंग र अंग्रेजी टाइपिंगको परिक्षण हुनेछ ।)

**६. परीक्षा दस्तुर** : कम्प्युटर अपरेटरको रु. ७००।- (सात सय) र पालेको रु. ५००।- (पाँच सय) । दरखास्त दस्तुर राजश्व शाखामा बुझाई एक प्रति निस्सा दरखास्त संगै पेश गर्नुपर्नेछ ।

**७. परीक्षा हुने मिति, समय र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।

८. परीक्षा प्रणालीबाट नियुक्तिका लागि सिफारिस हुने उम्मेदवारहरुको नियुक्ति तथा पदस्थापना नगरपालिकाले गर्नेछ ।

९. दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपीहरुमा उम्मेदवारले सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरेको हुनुपर्नेछ ।

**१०. दरखास्त फाराममा उल्लेखित विवरणहरू**: उम्मेदवारको नाम थर, ठेगाना, विज्ञापन नं., पद, तह, विषय उल्लेख गरि तोकिएको कागजातहरु सिलसिलेवार नत्थी गरि पन्जिका सहित पेश गर्नुपर्नेछ ।


११. सूचना/विज्ञापनमा कुनै फेरबदल वा संशोधन गर्न आवश्यक परेमा दरखास्त दिने अन्तिम मितिले ५ दिन अघिसम्म कार्यालयले फेरबदल वा संशोधन गर्न सक्नेछ । सूचना/विज्ञापन सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## ग्रिन नेपाल महिला बहुमुखी सहकारी संस्था लि.
### जनकपुरधाम-८, को
## १५ दिने हकदाबी सम्बन्धि अत्यन्त जरुरी सूचना
दर्ता नं. २४५-८

यस संस्थाको स्वमित्व हस्तान्तरण भएको कारण संस्थामा आबद्ध सदस्यहरुमा कुनै किसिमको बाँकी बक्यौता रहेको भए यस सूचनालाई आधार मानी लिनु-दिनु पर्ने भए आवश्यक प्रमाण सहित १५ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ । उक्त म्याद नाघी आएमा कुनै किसिमको कानुनी प्रकृया लागु हुनेछैन ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शिक्षा विरोधी गठबन्धन सरकार

मधेश प्रदेशमा जनमत पार्टीको नेतृत्वमा रहेको गठबन्धन सरकार शिक्षा विरोधी रहेको छ । मधेशका गौरवका योजना मध्येको मधेश कृषि विश्वविद्यालयलाई गठबन्धन सरकारले धराशायी बनाएको छ । भ्रष्टाचारमा चुर्लुम्म डुबेको सरकारले मधेश कृषि विश्वविद्यालय सञ्चालनका लागि १० लाख मात्र बजेट छुट्याएको हो । त्यसपछि पनि विश्वविद्यालयको सबै गतिविधि रोकेको छ । दुई पटक सिनेटको बैठक स्थगित गरिसकेको छ । विश्वविद्यालयको निर्माणाधीन भवन, विद्यार्थी धर्ना, पठनपाठनलगायतका सम्पूर्ण कार्य सरकारले ठप्प गरेको छ । विश्वविद्यालयका कर्मचारीहरुले झण्डै साढे पाँच महिनादेखि तलब, सुविधा पाएको छैन । प्रदेश सरकार अत्यन्त पूर्वाग्रही भएर कृषि विश्वविद्यालयलाई धराशायी बनाएको छ । पटक पटक छानबिन भए पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन । हरेक क्षेत्रमा असफल भए पनि भ्रष्टाचारलाई पहिलो प्राथमिकता बनाएको सरकारले मधेश कृषि विश्वविद्यालयलाई धराशायी बनाएको छ । सतीशकुमार सिंहलगायत जनमत पार्टीका नेता, कार्यकर्ताहरुले विगतमा विश्वविद्यालयमा तालाबन्दी गरेका थिए । विश्वविद्यालयको भवन शिलान्यास जनमतका अध्यक्ष सीके राउतसित नगराउँदा अवरोध सृजना गरेका सिंह मुख्यमन्त्री बनेसंगै त्यसलाई ध्वस्त बनाउन लागिपरेका छन् । चालु आर्थिक वर्षको बजेट ल्याउने तत्कालीन अर्थमन्त्री भरत साहले विश्वविद्यालयका लागि १० लाखको बजेट छुट्याएका थिए । बजेट पास नहुँदै उनी अपदस्थ भए । सरकारमा अहिले नेपाली कांग्रेस, नेकपा एमाले, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल र जनमत रहेको छ । मुख्यमन्त्री सिंह र जनमत पार्टीले कृषि विश्वविद्यालयलाई धराशायी बनाउन लागेको छ । विश्वविद्यालयलाई समाप्त पार्न सरकारले प्रदेशसभाबाट एउटा विधेयक पारित गरे राम्रै हुने थियो । बजेट र नीति तथा कार्यक्रम विपरीत सरकारले विकास निर्माणको बजेट आफै चलाउन हालसम्म काम नै रोकेको छ । खुल्ला प्रतिस्पर्धा (टेण्डर प्रक्रिया)बाट सरकारको कामकाज हुने र त्यसरी कामकाज नभएको रकम पालिकालाई उपलब्ध गराउने व्यवस्था गरिएको छ । तर सरकारले त्यसलाई कार्यान्वयन नगरी प्रदेशसभाले सर्वसम्मतिबाट पारित गरेको बजेट र नीति तथा कार्यक्रम विपरीत बजेट आफै चलाउन अनेक जालझेल गरिरहेको छ । कृषि विश्वविद्यालयलाई डुबाउन जनमतलाई काँग्रेस, एमाले र लोसपाले काँध थापेको छ । कृषि विश्वविद्यालयलाई ध्वस्त बनाएर सरकारले मधेशवासीसित ठूलो घात गरिरहेको छ । जनमत पार्टीका अध्यक्ष सीके राउत वैज्ञानिक रहेको भनिए पनि उनी मधेशको शिक्षा विरोधी बनेका छन् । रोजगारीमूलक प्राविधिक शिक्षा उपलब्ध गराउन स्थापना गरिएको मधेश कृषि विश्वविद्यालयलाई समाप्त गर्न लागेको जनमत पार्टीलाई सघाउने कांग्रेस, एमाले र लोसपा पनि कम्ती दोषी होइन । सरकारले कृषि विश्वविद्यालयलाई धराशायी बनाउन गरेको कार्यलाई बन्द गर्नुपर्छ । यसका लागि विपक्षी दलहरुले पनि सशक्त आवाज उठाउन आवश्यक छ । जनस्तरबाट समेत सरकारको शिक्षा विरोधी कार्यको विरोध हुनुपर्छ ।

# अप्रिय घटनाको पुनरावृति



श्रीमन नारायण

हालै सम्पन्न नेपाल प्रिमियम लिगले विश्वव्यापी चर्चा पाएको छ । नेपालमा क्रिकेट प्रतिको बढदो आकर्षणले क्रिकेट खेल्ने राष्ट्रहरुको ध्यान पनि आफुतिर आकर्षित गराउन सफल भएको छ । तर केही नेपाली क्रिकेट समर्थकहरुको व्यवहारले सम्पूर्ण आयोजनलाई नै कलंकित बनाउने काम गरेको छ । अन्तर्राष्ट्रिय क्रिकेट काउिन्सल क्रिकेट प्रतियोगिताका प्रत्येक सुक्ष्मतम घटनालाई पनि नियालेर हेर्ने गर्दछ । एनपिएलको फाइनल म्यामा जनकपुर बोल्ट्सले सुदुर पश्चिमको टिमलाई पराजित गरे पछि जनकपुर बोल्ट्सका समर्थकहरु खुशी मनाउँदै एक-अर्कामा बधाई साटा-साट गरिरहेका थिए । पराजय सहन गर्न नसक्नेहरुले जनकपुर बोल्ट्सका समर्थक भन्दा पनि मधेशी अनुहारलाई लक्षित गरी तथानाम गाली गर्दै कुटपिट समेत गरे । नेपालको राष्ट्रिय झण्डा ओढी हातमा लठी लिएर मधेशी युवाहरुलाई लखेटी-लखेटी कुटपिट गर्नुले राजधानीमा बसोवास गर्ने मधेशीहरुमा एक पटक फेरि पनि असुरक्षाको भावना उत्पन्न गराएको छ । जनकपुर बोल्टसका झण्डा आफनो हातमा लिएकी एक छात्रालाई पनि लखेटने काम भयो । संभवतः उनी मोटर साईकलमा नचढेकी भए अप्रिय घटनाका शिकार हुन सक्ने थिईन । आखिर पटक पटक यस्तो घटना किन दोहोरिन्छन् ? राजनीतिक दलका नेता र कार्यकर्ता देखि लिएर कतिपय सन्चारकर्मीहरु समेत पनि किन नश्लभेदको भावनावाट ओतप्रोत रहेका छन् । आफुलाई जति सुकै लोकतन्त्रवादी, समाजवादी र प्रगतिशील भएको दावी गर्नेहरुले आफनो भनाई र गराईमा तारतम्य किन मिलाउन सकिरहेका छैनन ? पटक-पटक मधेशीहरुले यस्तो घटनाका शिकार किन हुन्छन् ?

सन् १९७५ मा सिक्किमको भारतमा पूर्ण विलय हुँदा पनि मधेशीहरुलाई लक्षित गरी राजधानी काठमाण्डौमा कुटपिटका घटना भए जबकी सिक्किमसित मधेशीहरुको लाखौंकोश टाढा सम्म सम्बन्ध थिएन र आज पनि छैन । सिक्किममा एक जना मधेशीको पनि बसोवास छैन । त्यहाँको जनमत संग्रह भाग लिने मतदाताहरुमा एक जना पनि मधेशी थिएनन, सबै नेपाली भाषी र लेप्चाहरु नै थिए । दुई तिहाई भन्दा बढी जनताले सिक्किमलाई भारतमा विलय गराउने पक्षमा मतदान गरेका थिए । भारतको अनुकुल हुने कुनै पनि निर्णय काठमाण्डौलाई मन नपरेपछि मधेशीसित बदला लिने नीतिलाई दुर्भाग्यपूर्ण नै मान्नु पर्दछ ।

पंचायतको ३० वर्ष लोकतन्त्र, भारत र मधेशी विरोधमा केन्द्रित थियो । पूनर्वास कार्यक्रम अन्तर्गत हजारौं परिवारलाई पहाडवाट ल्याएर तराईमा बसोवास गराउने काम भयो । टंक प्रसाद आचार्यको प्रधानमन्त्रीत्व कालमा शुरु भएको यस आप्रवासन नीतिले पंचायतको ३० वर्षमा व्याप्कता हासिल गऱ्यो । पूर्व-पश्चिम हुलाकी राजमार्गको उपेक्षा गरी जङ्गलको बीच भएर महेन्द्र राजमार्गको निर्माण गरियो । यसले गर्दा व्याप्क मात्रामा बन फडानी भयो । वि.सं.२०३६ सालमा तराई मधेशको जनसंख्यामा वृद्धि किन भयो ? भन्दै प्राध्यापक डा.हर्क बहादुर गुरुङलाई जनसंख्या प्रतिवेदन बनाउन आयोगको अध्यक्ष बनाईयो । डा.गुरुङले पनि पंचायती शासकले चाहेको जस्तो प्रतिवेदन तयार पारी नेपाल-भारत खुल्ला सिमाना नियमन गर्नुपर्ने, भारतीय सिमा भन्दा २५ कि.मि.भित्र कुनै पनि कल कारखाना नखोलने, सिमानाको १० किलोमिटर भित्र केवल अवकाश प्राप्त सुरक्षाकर्मीलाई मात्र बसाल्ने सुझाव दिएका थिए । त्यसैको विरोधमा राजजनम तिवारी र गजेन्द्र नारायण सिंहले नेपाल सदभावना परिषदको गठन गरेका थिए । विरोधका कारण त्यो जनसंख्या प्रतिवेदन लागु भएन ।

वि.सं.२०५७ सालमा भारतीय सिनेमाका चर्चित कलाकार ऋतिक रोशनको लोकप्रियताका कारण नेपाली दर्शकहरु नेपाली फिल्म हेर्न नचाहे पछि सुनियोजित रुपमा एउटा काल्पनिक कथा बनाईयो र ऋतिक रोशनले नेपालीलाई गाली दियो भन्दै पहाडी क्षेत्रमा उनको पुत्ला जलाईयो । नेपाल सदभावना पार्टीको केन्द्रिय कार्यालयलाई (शान्तिनगर, बानेश्वर स्थित) लाई तोडफोड गरी जलाईयो । ऋतिक रोशनले नेपालीको अपमान गरे भन्दै राजधानी काठमाण्डौ बाटोमा हिडि रहेका मधेशीहरुलाई दुर्व्यवहार गाली गलौज गरि कुटपिट गरियो, बानेश्वर स्थित एभरेष्ट होटलमा तोडफोड गरियो । पूर्व शिक्षा सचिव डा.नरसिंह नारायण सिंहको घरमा समेत तोडपोड भएको थियो । मधेशी विरोधी उक्त प्रदशर्नमा नेपाली काँग्रेस, नेकपा एमाले र माओवादी लगायत सबै कम्युनिष्ट दलहरु तथा राप्रपाका विद्यार्थी संगठनको सक्रिय सहभागिता थियो । एक जना दोषी पनि पक्राउ परेनन् । गजेन्द्र नारायण सिंहको नेतृत्वमा हृदयेश त्रिपाठी, राजेन्द्र महतो लगायतका सदभावना पार्टीका नेताहरुले काठमाण्डौमा विरोध प्रदर्शन गरेका थिए जबकी महन्त ठाकुर, विजयकुमार गच्छेदार (नेपाली काँग्रेस) र महेन्द्र राय यादव (नेकपा एमाले) ले तराई-मधेशमा शान्ति पदयात्रा निकालेका थिए । मधेशी व्यापारी, मजदुर, नागरिक, विद्यार्थीलाई तिनको रङ्ग एवं वर्णको आधारमा भेदभाव हुने क्रम कहिल्यै रोकिएन । भैया, धोती आदि शब्दहरु सामान्य बोलचालका भाषा भई सकेका छन् जबकी यसले मधेशीलाई दुःखी बनाउँछ । एनपिएलकै दौरान एक टेलिभिजन कार्यक्रममा एक नेपाली भाषी पत्रकारले जनकपुरको विजयले नेपालको पराजय भएका आशयका समाचार प्रसारित गरेका थिए ।

> नेपाल प्रिमियम लिगमा नेपालका सातवटै प्रदेश टिम सहभागी थिए । बागमती प्रदेसका मात्रै दुईवटा थिए । जनकपुरको टिममा नेपालका अन्य प्रदेसका खेलाडीहरु सहित अमेरिका, न्युजिल्याण्ड, श्रीलंका लगायतका देशका खेलाडीहरु पनि थिए । फरक यति मात्रै थियो जनकपुर बोल्टसका कप्तान अनिल साह र आरिफ शेख थिए जो मधेशी थिए र यिनको मातृभाषा नेपाली थिएन । आखिर यिनै आरिफ शेखले त क्रिकेटको एशिया कपमा भारतको विरोधमा हाफ सेन्चुरी बनाएका थिए नि ? मधेशी खेलाडीहरु कर्णाली र सुदुरपश्चिमका टिममा पनि थिए । अन्य टिमहरुमा पनि छन् । जनकपुरको जितलाई पचाउन किन गाह्रो भएको होला ?

यस किसिमको समाचारले देश र समाजमा गलत किसिमको भाष्य निर्माण गर्दछ । वि.सं.२०५७ सालमा चितवन पोष्टको एउटा आधरहीन समाचारले ऋतिक रोशन काण्ड गरायो र नेपाली-नेपाली विच विद्धेष विवाद र द्धन्द्ध बढाउने काम गऱ्यो । २४ वर्ष पछि पुनः एक सन्चार माध्यमले गढेको गलत भाष्यका कारण अहिलेको परिस्थितिको निर्माण भएको छ । संभवतः एक नेपाली समाचार च्यानलका पत्रकारले जनकपुरको जीतलाई नेपालको हार नबताएको भए, फाईनल म्याचमा जनकपुर जितेको समाचार पनि खेल सम्म मात्रै सिमित रहने थियो र दर्शकहरुले यसलाई स्वाभिक रुपमा लिने थिए । नेपाल प्रिमियम लिगमा नेपालका सातवटै प्रदेश टिम सहभागी थिए । बागमती प्रदेसका मात्रै दुईवटा थिए ।

जनकपुरको टिममा नेपालका अन्य प्रदेसका खेलाडीहरु सहित अमेरिका, न्युजिल्याण्ड, श्रीलंका लगायतका देशका खेलाडीहरु पनि थिए । फरक यति मात्रै थियो जनकपुर बोल्टसका कप्तान अनिल साह र आरिफ शेख थिए जो मधेशी थिए र यिनको मातृभाषा नेपाली थिएन । आखिर यिनै आरिफ शेखले त क्रिकेटको एशिया कपमा भारतको विरोधमा हाफ सेन्चुरी बनाएका थिए नि ? मधेशी खेलाडीहरु कर्णाली र सुदुरपश्चिमका टिममा पनि थिए । अन्य टिमहरुमा पनि छन् । जनकपुरको जितलाई पचाउन किन गाह्रो भएको होला ? यस्तो सोचले नेपालमा क्रिकेटको भविष्यलाई समाप्त पार्नेछ । अहिलेको डिजिटल युगमा पुरै विश्वभरि यस घटनाको दृष्य पुगिसकेको छ । नेपाललाई अन्तर्राष्ट्रिय स्तरको स्टेडियम बनाउने र तटस्थ ठाउँको रुपमा विकसित गर्ने आईसीसीको योजना अब स्थगित हुने अथवा लम्बिने अवस्था उत्पन्न हुन सक्दछ । फाईनल म्याचको समयमा देशका ठुला दलका अध्यक्षहरु जो पटक-पटक नेपालका प्रधानमन्त्री रही सकेका छन्, तिनको पनि उपस्थिति पनि थियो । आखिर स्टेडियममा यति बढी हाई प्रोफाईलका नेताको उपस्थिति रहँदा सुरक्षा व्यवस्था त बलियो रहनुपर्दथ्यो नि ? तराई मधेशमा ५००-५०० मिटरमा सशस्त्र र जनपदका प्रहरी तैनात छन । ठाउँ-ठाउँमा चेक जाँच हुन्छ ।

काठमाण्डौ जस्तो ठाउँमा स्टेडियमको वरिपरि अपेक्षित संख्यामा सुरक्षाकर्मी किन थिएनन् ? फाईनल म्याच हो, स्टेडियम भित्र र बाहिर पनि अनियन्त्रित भीड हुनेछ भन्ने कुरा प्रहरी प्रशासनलाई अनुमान नहुने कुरा भएन तर पनि यस्तो घटना किन भयो ? नेपाली काँग्रेसका महामन्त्रीले दोषी माथि कारवाहीको माग गरेका छन् तर पक्राउ गर्ने कसले ? ठिक छ, दुई युवक पक्राउ परेका छन् तर पक्राउ पश्चात समुचित कारवाही पनि आवश्यक छ । तराई-मधेशका युवाका सम्वेदनशिलतालाई ध्यानमा राखी आफनो पार्टीको प्रभावलाई कम हुन नदिन उनले सहानुभूति कै कार्ड खेलेका छन् । मधेशीहरु पनि काठमाण्डौमा बस्दा सम्म मधेशी हुन्छन्, गाउँमा आएपछि कि त जातको पार्टी हाईन भने ठुला पार्टीमा मधेशी दलहरु पनि ठुला दलहरुले डोनेट गरेका अक्सिजनको सिलिण्डरको भरमा बाँचेका छन । यस्ता घटना दोहोरिनु हुँदैन । सहिष्णुता र सदभावले नै आपसी एकतालाई बलियो बनाउँछ ।

# नेपाललाई एआई हब बनाउने उपायः अवसर, चुनौती र रणनीतिक कार्यान्वयन



डा राजन थपलिया

कृत्रिम बौद्धिकता (एआई) विश्वव्यापी रूपमा परिवर्तनकारी प्रविधि बनिसकेको छ, जसले उद्योगहरूको रूपान्तरण, शासनको सुधार गर्न र जीवनस्तरलाई माथि उठाउन सक्दछ । नेपालले सामाजिक, आर्थिक र भौगोलिक अवस्थासँगै, क्षेत्रीय 'एआई हब' बन्ने सम्भावना बोकेको छ । नेपाललाई एआई हबका रूपमा स्थापित गर्न डिजिटल पूर्वाधार, मानव पुँजीमा लगानी र सरोकारवालाबीच सहकार्य आवश्यक छ । 'फोर-जी' र 'फाइभ-जी' नेटवर्क विस्तार, काठमाडौँ, पोखरा र इटहरीजस्ता सहरहरूमा 'टेक पार्क' स्थापनालगायतका पहलहरूले यस प्रक्रियामा आधारशिलाको काम गर्न सक्छ ।

नेपालले मानव पुँजीमा लगानी गर्न, विद्यालय, कलेज र विश्वविद्यालयहरूमा एआई-केन्द्रित पाठ्यक्रमहरू सुरु गर्नुपर्ने हुन्छ । विश्वव्यापी संस्थाहरूसँग सहकार्य गर्दै तालिम कार्यक्रम, कार्यशाला र पाठ्यक्रमहरू प्रदान गरेर नेपाली युवाहरूको विशेषज्ञता अभिवृद्धि गर्न सकिन्छ । साथै, सरकारले कर छुट, अनुदान र एआई स्टार्टअपहरूका लागि प्रोत्साहन गर्ने नीतिहरू ल्याउँदा नवीनतालाई प्रोत्साहन दिन मद्दत पुग्नेछ । एआई आधारित उद्यमशीलता समर्थन गर्न इनक्युबेटर र एक्सेलेरेटरहरूको स्थापना गर्दा प्रतिभा र लगानीलाई आकर्षित गर्न सकिन्छ ।

नेपालले एआईको माध्यमबाट धेरै फाइदा लिनसक्छ । एआई-सक्षम उपकरणहरूले निदानको शुद्धतालाई सुधार गर्न र टेलि-मेडिसिन सेवाहरूलाई दुर्गम स्थानसम्म पुर्याउन सकिन्छ । एआईबाट सञ्चालित व्यक्तिगत शिक्षण प्लेटफर्महरूले ग्रामीण विद्यार्थीका लागि शिक्षामा भएका खाडलहरू पुर्न सकिन्छ । यसैगरी, व्यावसायिक खेती, मौसम पूर्वानुमान र कीराहरूको पहिचानजस्ता एआई अनुप्रयोगहरूले कृषि उत्पादकत्वलाई उल्लेखनीय रूपमा वृद्धि गर्न सक्छ । साथै, भूकम्प र बाढीजस्ता प्राकृतिक प्रकोपमा एआईको भूमिका धेरै महत्त्वपूर्ण छ । यसले समयमै उद्धार र स्रोतहरूको व्यवस्थापन गरेर क्षतिको न्यूनीकरण गर्न सकिन्छ ।

एआईको माध्यमबाट चुनौती र आवश्यकताहरू सम्बोधन गर्न सकिन्छ । एआई मोडेलहरूलाई नेपाल-विशिष्ट डेटा प्रशिक्षण दिएर यसको प्रासङ्गिकता सुनिश्चित गर्न सकिन्छ । उदाहरणका लागि, भाषण पहिचान उपकरणहरूले नेपाली र मैथिली, भोजपुरी, तामाङजस्ता क्षेत्रीय भाषाहरूलाई संवर्द्धन हुनसक्छ । एआईले पर्यटनमा भर्चुअल गाइड, च्याटबोट र एआर/भिआर अनुप्रयोगहरूमार्फत नेपालको सांस्कृतिक सम्पदालाई बढाउन सक्दछ भने वित्तीय क्षेत्रमा एआई-सक्षम क्रेडिट स्कोरिङ प्रणालीहरूले अन्डरसर्ड जनसङ्ख्यालाई ऋण विस्तार गर्न मद्दत गर्न सक्छ ।

एआईको लाभलाई अधिकतम बनाउन, नेपालले दक्ष कार्यान्वयन र निरन्तर नवप्रवर्तन सुनिश्चित गर्नुपर्छ । केन्द्रित डेटा भण्डारहरूको सिर्जना र डेटा गोपनीयता नियमहरूको कार्यान्वयन गर्नु यसका आधारभूत चरणहरू हुन् । छात्रवृत्ति, अनुदान र विश्वविद्यालयहरूसँग सहकार्य गरेर एआई अनुसन्धानलाई प्रोत्साहित गर्दा स्थायी विकासका लागि ज्ञानको आधार सिर्जना गर्न सकिन्छ । नागरिकहरूलाई एआईका फाइदाहरू र सीमाहरूको बारेमा शिक्षित गर्नाले स्वीकृति बढाउन र रोजगारी हराउने डर वा गोपनीयतासम्बन्धी चिन्ताहरूलाई कम गर्न सकिन्छ । एआई पहलहरूबाट नेपालको दिगोपन लक्ष्यहरूसँग मेल खाने कृषि र ऊर्जामा वातावरणमैत्री अभ्यासलाई प्रवर्द्धन हुनसक्छ ।

सरकारी कार्यालयहरूमा एआईलाई एकीकृत गर्दा दक्षता, पारदर्शिता र सेवा वितरणमा सुधार गर्न सकिन्छ । एआई-सक्षम इ-शासन समाधानहरूले रेकर्ड राख्ने जस्ता सामान्य प्रशासनिक कामहरू स्वचालित गर्न सक्छ, जसले प्रशासनिक अक्षमता कम गर्छ । नीतिहरूको प्रभाव मूल्याङ्कन गर्न र सुधारका सुझाव दिन ठूला डेटासेटहरू मूल्याङ्कन गर्ने उपकरणहरूले तथ्यमा आधारित निर्णय-निर्माणलाई प्रोत्साहन गर्नसक्छ । त्यसैगरी, एआईले स्वास्थ्य, शिक्षा र पूर्वाधार परियोजनाहरूमा स्रोतको उपयोग गर्न सक्छ, जसले समान विकास सुनिश्चित गर्दछ । भ्रष्टाचार नियन्त्रण र प्रकोप व्यवस्थापनमा यसको भूमिका यस प्रविधिको उपयोगितालाई थप उजागर गर्छ ।

एआईलाई प्रभावकारी बनाउन बहुआयामिक दृष्टिकोण आवश्यक छ । नेपालले डेटा गोपनीयता, नैतिकता, पूर्वाधार र कोषजस्ता पक्षलाई सम्बोधन गर्ने व्यापक एआई नीति मस्यौदा गर्नुपर्छ । एआई अनुप्रयोगहरूमा स्थानीय अधिकारीहरूको तालिमले कार्यान्वयन सक्षम बनाउन सक्छ । सार्वजनिक-निजी साझेदारीहरूले प्रभावकारी परियोजनाहरूका लागि स्रोत र विशेषज्ञतालाई सङ्कलन गर्नसक्छ । एआई समाधानहरूको डिजाइन र कार्यान्वयनमा समुदायको सहभागिताले उनीहरूको आवश्यकता र समस्याहरूको समाधान गर्न मद्दत पुऱ्याउँछ । नेपालको एआई पहललाई अन्तर ष्ट्रिय मापदण्डहरूसँग मिलाउँदै सुसङ्गत र विश्वव्यापी सहकार्यलाई प्रोत्साहन गर्न सकिन्छ ।

एआईले नेपालको सामाजिक-आर्थिक परिदृश्यलाई रूपान्तरण गर्ने ठूलो सम्भावना राख्छ । पूर्वाधार, शिक्षा र नीति विकासमा रणनीतिक लगानी गरेर, नेपालले आफूलाई दक्षिण एशियामा एआई हबको रूपमा स्थापित गर्नसक्छ । नागरिकहरूका लागि स्वास्थ्य र शिक्षामा सुधारदेखि प्रभावकारी शासनसम्मका फाइदाहरू महत्वपूर्ण र टाढासम्म फैलिएका छन् । सरकार, निजी क्षेत्र र नागरिकहरूबाट एकीकृत प्रयासका साथ नेपालले एआईको शक्ति उपयोग गरेर समृद्ध र समान भविष्य निर्माण गर्नसक्छ ।

### विश्वमा एआईको के-के नयाा विकासहरू भइरहेका छन् ?

एआईको उल्लेखनीय प्रगतिले जीवन र व्यवसायमा ठूलो परिवर्तन ल्याइरहेको छ । एआईको नयाँ-नयाँ विकासले धेरै क्षेत्रमा सम्भावनाका ढोकाहरू खोलेको छ । जनरेटिव एआई जस्तैः च्याट जिपिटी, डल-इ र मिडजर्नी, मानव-जस्तै सामग्री सिर्जना गर्न सक्षम भएका छन् । यी प्रविधिहरूले टेक्स्ट, चित्र, सङ्गीत, र भिडियो सिर्जना गर्न सक्षम प्रणालीहरू प्रदान गरेका छन् । यो सिर्जनात्मकता र नवाचारको क्षेत्रमा मात्र सीमित छैन; यसको प्रभाव स्वास्थ्य सेवा, शिक्षा र व्यापारमा समेत व्यापक छ । एआई आधारित रोबोटिक्सले उत्पादनशीलता र दक्षतामा उल्लेखनीय वृद्धि गरेको छ । अहिले, स्वचालित सवारी साधन पनि एआईको महत्वपूर्ण विकास हो । टेस्ला, वेमो र अन्य कम्पनीहरूले एआई चालित गाडीहरू विकास गरिरहेका छन्, जसले यात्रालाई सहज, सुरक्षित र वातावरणमैत्री बनाउन मद्दत गरिरहेको छ । यस्तै, स्वास्थ्य सेवामा एआईले रोग निदान र उपचार योजना बनाउन महत्वपूर्ण भूमिका खेलिरहेको छ । एआई आधारित इमेज प्रोसेसिङ प्रणालीहरूले एमआरआई र सिटीस्क्यान जस्ता परीक्षणहरूको द्रूत र सटिक विश्लेषण सम्भव बनाएको छ । साथै, एआईले प्राकृतिक भाषा प्रशोधन (एनएलपी) जस्ता क्षेत्रहरूमा उल्लेखनीय प्रगति गरेको छ । यसले मानिस र कम्प्युटरबीचको संवादलाई अझ प्रभावकारी बनाएको छ । सिरी, एलेक्सा र गुगल ट्रान्सलेटजस्ता उपकरणहरू एनएलपीको मुख्य उदाहरण हुन् । यस्तो निरन्तर प्रगतिको प्रभावले हामीले सोच्नसक्ने भन्दा धेरै फाइदा पुऱ्याइरहेको छ र यसले भविष्यमा अझ धेरै परिवर्तन ल्याउने अपेक्षा गरिएको छ ।

### एआईको भविष्य कस्तो हुनेछ ?

एआईको भविष्य अत्यन्तै उज्यालो र रोमाञ्चक छ । यो प्राविधिले शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, र व्यापारजस्ता क्षेत्रहरूलाई अझ प्रभावकारी बनाउँदैछ । निकट भविष्यमा, एआईले मानव श्रमको आवश्यकता कम गर्दै धेरै कामहरू स्वचालित गर्नेछ । यो प्रविधिले मानिसलाई दोहोरो कामबाट मुक्त गराउँदै सिर्जनात्मक र सोच्न आवश्यक पर्ने कार्यहरूमा ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउनेछ । सुपर-इन्टेलिजेन्सको विकास भविष्यमा एआईले मानव बुद्धिलाई पार गर्ने क्षमता राख्छ भन्ने भविष्यवाणी गरिन्छ । यस्तो सुपर-इन्टेलिजेन्सले जटिल समस्याहरू समाधान गर्न, जस्तै जलवायु परिवर्तनको समाधान खोज्न, जैविक अनुसन्धानमा क्रान्ति ल्याउन र नयाँ औषधिहरू विकास गर्न सक्नेछ ।

यस्तै, एआईको प्रयोगले वैज्ञानिक अनुसन्धानमा ठूलो परिवर्तन ल्याउनेछ । स्वास्थ्य सेवामा, एआईले व्यक्तिगत उपचार योजना तयार गर्न र दुरुस्त रोग निदान गर्न भूमिका खेल्नेछ । साथै, शिक्षा क्षेत्रमा, एआईले व्यक्तिगत शिक्षा प्रणाली विकास गर्न, योजनाहरू अनुकूलन गर्न र विद्यार्थीहरूको आवश्यकताअनुसार अध्ययन सामग्री प्रदान गर्न सहयोग पुऱ्याउनेछ । व्यापार क्षेत्रमा एआईले डाटा विश्लेषण, उपभोक्ता प्रवृत्ति पहिचान र बजार रणनीति निर्माण गर्न सहयोग गर्नेछ । यसले मानिस र प्रविधिको सहकार्यलाई अझ सुदृढ बनाउनेछ । मानिसको जीवनलाई अझ सहज र व्यवस्थित बनाउनेछ । यस्तो भविष्यले मानवीय जीवनलाई नयाँ उचाइमा पुऱ्याउनेछ ।

### कसरी धेरैभन्दा धेरै उपयोग गर्न सक्छौ ?

एआईको सही उपयोग गरेर नेपालीहरूले आफ्नो जीवनस्तरमा सुधार ल्याउन सक्नेछन् । नेपालजस्तो देशका लागि एआईले धेरै सम्भावना प्रदान गर्दछ । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, र उद्योगजस्ता क्षेत्रहरूमा एआईको प्रभावकारी उपयोग गरेर देशलाई विकासको मार्गमा अगाडि बढाउन सकिन्छ । कृषि क्षेत्रमा एआई आधारित प्रणालीहरूले माटोको परीक्षण, बालीको अवस्था विश्लेषण र उत्पादन बढाउन मद्दत गर्न सक्छ । स्मार्ट कृषि प्रणालीले लागत घटाउन र उत्पादकत्व बढाउन सहयोग पुऱ्याउँछ भने शिक्षा क्षेत्रमा एआईले अनलाइन कक्षाहरू, भर्चुअल ट्यूटर, र व्यक्तिगत अध्ययन योजना तयार गर्न सकिन्छ । ग्रामीण क्षेत्रमा अनलाइन शिक्षालाई प्रभावकारी बनाउन, विद्यार्थीहरूलाई पहुँचयोग्य बनाउन र शिक्षाको गुणस्तर सुधार गर्न एआई प्रयोग गर्न सकिन्छ ।

स्वास्थ्य क्षेत्रमा, एआईले ग्रामीण भेगका मानिसहरूको लागि टेलिमेडिसिन सेवा उपलब्ध गराउन सहयोग गर्न सक्छ । यसले जनसंख्याको ठूलो हिस्सालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नसक्छ । पर्यटन क्षेत्रमा, एआईले भर्चुअल गाइड, भाषा अनुवाद र पर्यटकहरूको व्यक्तिगत आवश्यकताहरू बुझेर सेवा प्रदान गर्न सक्छ । यसले नेपालको पर्यटन क्षेत्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउनेछ । यसरी, एआईको सही उपयोगले नेपालीको जीवन सुधार गर्न र देशलाई प्रगतिको मार्गमा अगाडि बढाउन मद्दत गर्नेछ ।

### एआई कसरी सिक्न सक्छौं ?

एआई सिक्न धेरै स्रोतहरू उपलब्ध छन् । अहिलेको डिजिटल युगमा अनलाइन प्लेटफर्महरूले एआईमा पाठ्यक्रमहरू उपलब्ध गराइरहेका छन् । यी पाठ्यक्रमहरूले आधारभूतदेखि उन्नत स्तरसम्मको ज्ञान प्रदान गर्छन् । साथै, धेरै पाठ्यक्रमहरू निःशुल्क वा सस्तो शुल्कमा उपलब्ध छन् । यस्तै, पुस्तकहरू पनि एआई सिक्ने उत्कृष्ट स्रोत हुन् । प्रोजेक्ट-आधारित सिकाइ एआई सिक्नको लागि अर्को प्रभावकारी विधि हो । कुनै समस्या समाधान गर्न वा कुनै नयाँ प्रणाली निर्माण गर्न प्रोजेक्टमा संलग्न भएर सिकाइलाई व्यावहारिक बनाउन सकिन्छ । नेपालका विश्वविद्यालयहरूले पनि एआईसम्बन्धी कोर्सहरू शुरु गर्नुपर्छ, जसले विद्यार्थीहरूलाई विश्वस्तरको ज्ञान र सीप प्रदान गर्नेछ । यसैगरी, स्वयंसेवाका माध्यमबाट एआईसम्बन्धी परियोजनामा संलग्न भएर सिकाइलाई सुदृढ गर्न सकिन्छ । एआई सिक्नका लागि भाषा, गणित, र कम्प्युटर विज्ञानको आधारभूत ज्ञान आवश्यक पर्छ, जसलाई स्थानीय तहदेखि उच्च शिक्षासम्म शिक्षण प्रणालीमा समावेश गर्न सकिन्छ ।

### नेपालमा एआई व्यवसायको सम्भावना कस्तो छ ?

नेपालमा एआई व्यवसायको सम्भावना अत्यन्तै ठूलो छ । देशको प्राकृतिक स्रोतसाधन, जनशक्ति र स्थानीय समस्याहरूको समाधान गर्न एआई आधारित व्यवसायहरूको स्थापना गरेर देशलाई आर्थिक रूपमा सबल बनाउन सकिन्छ । ई-कमर्समा, एआईले ग्राहकहरूको रुचि र प्रवृत्ति बुझेर व्यक्तिगत सिफारिस प्रणाली तयार गर्न सहयोग गर्नसक्छ ।

# पुनर्निर्माण प्रभावकारी बनाउन 'विपद् पुनर्लाभ कार्ययोजना'

काठमाण्डु । सरकारले विपद् पुनर्निर्माणलाई छिटो, छरितो र प्रभावकारी बनाउन 'विपद् पुनर्लाभ कार्ययोजना' निर्माण थालेको छ ।

विपद् व्यवस्थापनको जिम्मेवारी पाएको गृह मन्त्रालय मातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् पुनर्निर्माणको कामलाई द्रुत र प्रभावकारी बनाउन एकीकृत रुपमा काम गर्ने गरी पुनर्लाभ कार्ययोजना निर्माण थालेको हो ।

अहिलेसम्म पुनर्निर्माणको काम सुरु हुन नसकेको भूकम्प गएको क्षेत्र पश्चिम नेपालको जाजरकोट, डोटी, बझाङलगायत जिल्लामा प्राथमिकीकरण गरेर यही पुस मसान्तबाटै कुनै एक ठाउँबाट पुनर्निर्माण कार्य अघि बढाउने गरी उक्त योजना निर्माण थालिएको प्राधिकरणका सहसचिव डा भीष्मकुमार भुसालले जानकारी दिनुभयो ।

उहाँका अनुसार अहिलेसम्म उद्धार, राहत तथा अस्थायी आवासका काममा केन्द्रित भएको र त्यो काम सम्पन्न भएकाले अब पुनर्निर्माणलाई तीव्रता दिन लागिएको हो । प्राधिकरणका अनुसार स्थायी आवासका लागि रकम कति दिने भनेर निर्णय हुन लामो समय लागेको थियो । डा भुसालले भन्नुभयो, "अहिले प्राधिकरणले पुनर्निर्माणमा रकम कति दिने भनेर निधो गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिसकेको छ, त्यो मन्त्रिपरिषद्बाट निर्णय हुने बित्तिकै स्थायी आवासको पुनर्निर्माणका लागि कार्यविधि जारी गर्ने अवस्थामा पुग्छौँ र स्थायी आवास पुनर्निर्माण बाटोसमेत खुल्छ ।"

त्यसअघि अस्थायी आवास लिएकाहरु वास्तविक लाभग्राही हुन् कि होइनन् भनेर यकिन




गनुपर्ने हुन्छ । त्योसँगै स्थायी आवासको किस्ता दिनका लागि के के प्रमाण राख्ने भन्ने विषयमा विस्तृत क्षति आकलनको प्रक्रिया अघि बढाइने पनि उहाँले बताउनुभयो । निजी आवास पुनर्निर्माण तथा स्कुल र सरकारी संरचनाको पुनर्निर्माणका लागि विशेष योजना अघि बढाउनुपर्ने जनाइएको छ ।

"यी सबै काम गर्न योजनाविहीन हुँदा भद्रगोल हुने अवस्था रहेकाले विपद् पुनर्लाभ कार्ययोजना निर्माण गरी एकीकृत र व्यवस्थित रुपमा काम गर्नुपर्ने आवश्यकता ठानेर कार्ययोजना निर्माण गर्न थालिएको हो", भुसालले भन्नुभयो ।

प्राधिकरणमा अहिले विभिन्न मन्त्रालयले बाढी, भूकम्पले क्षति गर्‍यो पुनर्निर्माणका लागि पैसा चाहियो भनेर माग गरिरहेका छन् । प्राधिकरणमा यस्ता मागका फाइल आइरहेका छन् । "त्यसका लागि योजनाविहीन भएको अवस्थामा कार्य सफल नहुने हुँदा प्राथमिकीकरण गर्नुपर्ने अवस्था रह्यो, पहिले कहाँबाट काम गर्ने भनेर", उहाँले भन्नुभयो, "पहिलो प्राथमिकता गाउँमा जाने सडक हो कि, विद्यार्थीले पढ्ने स्कुलभन्दा स्कुल नै होला, त्यसअघि मान्छेको छानो होला, निजी आवास, ती सबैको प्राथमिकीकरण गरेर अघि बढ्छौँ ।"

कार्ययोजनामा पुनर्निर्माणका लागि पैसा कति चाहिन्छ भनेर हिसाब निकालिन्छ । तीन तहका सरकार भएका कारण कुन तहका सरकारले कति बेहोर्ने भनेर पनि निधो हुन्छ । कतिपय स्थानमा पालिकाहरुले आफैँ बनाउनसक्ने अवस्था पनि रहेको छ । त्यसका अलावा गैरसरकारी संस्थाले पनि काम गरिरहेका छन् ।

उनीहरुको भूमिका पनि छुट्याइने छ । उनीहरुले फारमसमेत भरेर पठाउन थालेका डा भुसालले बताउनुभयो ।

यसका लागि सिंहदरबारमा विषयगत मन्त्रालयसँगको छलफल भइसकेको र गैरसरकारी संस्थासँग पनि एक चरणको छलफल सम्पन्न भइसकेको छ । युएन एजेन्सी र विकास साझेदारसँग समेत छलफल गरेर अघि बढ्ने योजनाका साथ कार्ययोजना बनिरहेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "सबै रकमको आँकडा आइसकेपछि स्रोत व्यवस्थापन गरेर काम गरेपछि रिपोर्ट एकै ठाउँमा आउने भयो, अहिले गैरसरकारी संस्थाले काम गरे पनि रेकर्ड नआउने अवस्था छ, अब कार्ययोजना बनेपछि एकीकृत विवरण आउने भयो र गरेको काम देखिने हुन्छ ।

" योजनाविहीन हुँदा स्रोत जुटाउन पनि समस्या देखिएको प्राधिकरणको भनाइ छ । उहाँका अनुसार विसं २०७२ को भूकम्पमा एक सय ९७ गैरसरकारी संस्थाले काम गरेका थिए । अहिले एक दर्जन पनि देखिएका छैनन् । त्यो किन भयो भने विपद् लाई प्राथमिकता नपाउनुमा आफ्नो योजना नहुने देखिएकाले एकीकृत कार्यक्रम गरेर अघि बढ्न लागिएको हो ।

प्राधिकरणले यही हप्तामा प्रारम्भिक खाका तयार पारेर अघि बढ्नेगरी काम थालेको छ । पुस मसान्तसम्ममा कुनै न कुनै पालिकाबाट काम थाल्ने गरी कार्य योजना अघि बढाइएको डा भुसालले बताउनुभयो । प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले अब मुख्य केन्द्रित नै पुनर्निर्माणमा रहेको र त्यसलाई प्रभावकारी बनाउन योजना अघि बढाइसकिएको बताउनुभयो ।रासस

## प्रधानमन्त्रीसँग पाकिस्तानका राजदूतको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपालका लागि पाकिस्तानका राजदूत एब्रार एच हस्मीले मंगलबार शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको उक्त भेटमा दुई पक्षीय सम्बन्ध र हितका विविधि विषय, व्यापार, पर्यटन, कृषि, नवीकरणीय ऊर्जा, विपद् व्यवस्थापन, शिक्षा, संस्कृति आदिमा हुँदै आएको सहयोग आदानप्रदान अभिवृद्धि गर्ने विषयमा छलफल भएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।



प्रधानमन्त्री ओलीले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)लाई सक्रिय बनाउन अध्यक्ष मुलुकका नाताले आफूहरुले पहल गरिरहेको र यसमा आबद्ध मुलुकहरुले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले कुनै दुई मुलुकबीच आपसी समस्या हुनसक्ने भए पनि त्यसको प्रतिकूल प्रभाव सार्कजस्ता क्षेत्रीय सङ्गठनमा पर्न नहुने उल्लेख गर्दै नेपालले 'सबैसँग मित्रता र छैन कसैसँग शत्रुता' भन्ने भावनाका साथ सार्वभौम तथा स्वतन्त्र मुलुकका हिसाबले न्यायोचित राष्ट्रिय हितलाई ध्यानमा राखेर सम्बन्ध विस्तार र सहकार्य गर्दै आएको स्पष्ट गर्नुभयो ।

राजदूत हस्मीले आफूहरु पाकिस्तानामा सार्क शिखर सम्मेलन आयोजना गर्न तत्पर रहेको प्रधानमन्त्री ओलीलाई अवगत गराउनुभयो ।

उहाँले आफूहरु आगामी दिनमा नेपालसँग विविध विषयमा थप सहकार्य गर्न इच्छुक रहेको बताउनुभयो ।रासस

## स्वास्थ्य मन्त्रालयद्वारा 'जेनेरिक' औषधि सुझाव समिति गठन

काठमाण्डु । उपभोक्तालाई सुपथ मूल्यमा औषधि उपलब्ध गराउन र कुनै एक कम्पनीको नाम नतोकिकन जेनेरिक औषधि सिफारिस गर्ने व्यवस्था लागू गराउन कार्यविधिका लागि 'जेनेरिक' औषधि सुझाव समिति गठन गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको अग्रसरतामा औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल संयोजक रहने पाँच सदस्यीय समिति समिति गठन गरिएको हो । समितिमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक प्राडा रवि शाक्य, धुलिखेल अस्पतालका निर्देशक प्रा डा बलराम मल्लसँगै नेपाल मेडिकल काउन्सिल तथा नेपाल मेडिकल एसोसिएसनका प्रतिनिधि सदस्य रहनुभएको छ । समितिको सदस्य सचिवमा गुणस्तरमापन तथा नियमन महाशाखाका वरिष्ठ व्यवस्थापक उषा तण्डुकारलाई तोकिएको छ ।




चिकित्सक तथा स्वास्थ्यकर्मीले औषधि सिफारिस गर्दा अनिवार्य रूपमा जेनेरिक नाम लेख्नका लागि सरल ढाँचासहितको कार्यविधि तर्जुमा गर्न र अन्य अस्पतालमा जेनेरिक औषधिको नाम लेख्नका लागि गरिएका अभ्यास अध्ययन गरी एक महिनाभित्र सिफारिस गर्नसमेत समितिलाई अख्तियारी दिइएको छ ।

समितिले अस्पतालको फार्मेसीमा सबै किसिमका गुणस्तरीय औषधि सुपथ तथा सरल मूल्यमा नागरिकले पाउने व्यवस्था मिलाउन सुझावसमेत दिनेछ । सोही सिफारिस तथा सुझावका आधारमा आवश्यक निर्णय गरिने जनाएको छ ।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जनस्वास्थ्य सेवा ऐन २०२५ मा भएको व्यवस्था लागू गराउने उद्देश्यका साथ समिति गठन गरिएको जानकारी दिनुभयो । हाल चिकित्सकले औषधिको ' ब्राण्ड' नाम लेख्ने र सोही नामका औषधि किन्नुपर्ने बाध्यता छ । जेनेरिक औषधि सिफारिस गर्न सकिएमा सोही कम्पनीको सुपथ मूल्य खरिद गर्न उपभोक्तालाई सहज हुने विश्वासका साथ ऐनमा भएको व्यवस्था लागू गराउन मन्त्री पौडेलले सक्रियता देखाएको प्रवक्ता बुढाथोकीले बताउनुभयो ।रासस

## 'विद्युत् विकासबाट समृद्धि प्राप्त गर्न सहज हुने'

किमाथाङ्का । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्काले विद्युत् विकासबाट समृद्धि प्राप्त गर्न सहज हुने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन संखुवासाले मंगलबार सदरमुकाम खाँदबारीमा आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री खड्काले नदी तथा खोलाबाट बिजुली निकालेर मुलुकलाई सम्पन्न बनाउने सरकारको लक्ष




रहेको बताउनुभयो । सरकारले ठूला आयोजनामा गरिब तथा विपन्नको लगानी सुनिश्चित गर्ने उहाँको भनाइ थियो । विसं २०३५ सम्ममा मुलुकमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको मन्त्री खड्काले उल्लेख गर्नुभयो । "पछिल्लो पाँच महिनामा नौ सय ५० मेगावाट बिजुली बिक्री गरेका छौँ । सरकारले आगामी दुई वर्षभित्र सबै नागरिकको घरमा विद्युत् पुर्याउने लक्ष्य लिएको छ", उहाँले भन्नुभयो ।

अरुणबाट मात्रै पाँच हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने र त्यसबाटै जिल्लालाई पनि समृद्ध बनाउन सकिने उहाँको भनाइ थियो ।

नौ सय मेगावाट क्षमताको अरुण तेस्रो आयोजना निर्माण कार्य अन्तिम चरणमा पुगेको उल्लेख गर्दै उहाँले यसबाट मुलुकलाई आर्थिकरुपमा सम्पन्न बनाउने सकिने बताउनुभयो । सङ्खुवासभामै एक हजार ६१ मेगावाटको माथिल्लो अरुणसमेत सरकारको लगानीमा निर्माण गर्ने तयारी भइरहेको मन्त्री खड्काले बताउनुभयो ।रासस

## वीर अस्पताल र नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान सात वर्षपछि छुट्याउने सहमति

काठमाण्डु । प्रतिनिधिसभा कानुन, न्याय तथा मानव अधिकार समितिमा वीर अस्पताल र नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान सात वर्षपछि छुट्याउने विषयमा सहमति भएको छ ।

समितिको मंगलबार सिंहदरबारमा बसेको बैठकले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को (१) मा प्रतिष्ठानले स्वास्थ्य सेवामा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न आफ्नो छुट्टै अस्पताल स्थापना गरी सञ्चालन गर्न वा सरकारको केन्द्रीय अस्पतालसँग द्विपक्षीय सम्झौता गरी त्यस्तो अस्पतालाई शिक्षण अस्पतालका रुपमा प्रयोग गर्न उक्त सहमति भएको हो ।

समितिका सभापति विमला सुवेदीले समितिको निर्णय सुनाउँदै भन्नुभयो, "दफा १२ मा सरकारले विधेयकमा भएको व्यवस्थाअनुसार पारित गर्ने र दफा ४४ मा भएको व्यवस्थामा वीर अस्पताल र नेपाल स्वास्थ्य विज्ञान प्रतिष्ठान सात वर्षपछि




छुट्टिने विषय समितिले पारित गरेको छ ।"समितिका सदस्य महेश बर्तौला, रञ्जुकुमारी झा, ध्रुवबहादुर प्रधान र रामकुमार राईलगायत सदस्यले सरकार मातहतमा एउटा केन्द्रीय अस्पताल हुनुपर्ने र सरकारको स्वामित्वमा वीर अस्पताल राख्नुपर्ने धारणा राख्नुभएको थियो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले औषधि ऐन संशोधन गर्नका लागि सरकारले मस्यौदा तयार गरिरहेको र संशोधन नहुँदा काम गर्न व्यावहारिक कठिनाइ भएको बताउनुभयो । दफा १२ मा औषधि ऐन २०३५ का विषयमा छलफल थियो । उक्त दफामा औषधि उत्पादन, अनुज्ञापत्र, सिफारिसपत्र र प्रमाणपत्रको अवधि र नवीकणको विषयहरु रहेको थियो ।

सरकारले उत्पादन अनुज्ञापत्र पाँच वर्ष, प्रमाणपत्र तीन वर्ष, सिफारिसपत्र तीन वर्ष र प्रमाणपत्र तीन वर्ष तोकिएको र अवधि समाप्त हुनुअघि सम्बन्धित व्यक्तिले तोकिएको दस्तुर तिरेर नवीकरण गर्न सकिने व्यवस्था गरेको थियो । सोही व्यवस्थाप्रति समितिले पनि सहमति जनाएको छ ।रासस

## 'विद्युत् क्षेत्रको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्नेमा जोड

काठमाण्डु । सांसदहरुले विद्युत् क्षेत्रको विकासमा निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभएको छ । सङ्घीय संसद्, प्रतिनिधिसभा अन्तर्गत पूर्वाधार विकास समितिले मंगलबार आयोजना गरेको विद्युत् विधेयक २०८० माथि संशोधनकर्तासँगको दफावार छलफलका क्रममा उहाँहरुले विद्युत् विकासमा निजी क्षेत्रको संलग्नता बढ्ने गरी विधेयक तर्जुमा गर्न सुझाव दिनुभएको हो ।

संशोधनकर्ता सांसद गगन थापाले विद्युत् क्षेत्रको विकासका लागि निजी क्षेत्रको संलग्नतालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । "विद्युत् विकासमा निजी क्षेत्रलाई थप स्थान दिन आवश्यक छ," उहाँले भन्नुभयो, "५१ प्रतिशत वा सो भन्दा बढी नेपाल सरकारको लगानी भएको विद्युत् आयोजनामा प्रतिस्पर्धा गर्न नपर्ने भनिएको छ, यसमा प्रतिस्पर्धा किन नगर्ने ? प्रतिस्पर्धा गरेर हेर्नुपर्छ ।" उहाँले स्थानीय तहलाई पाँच मेगावाटसम्म दिने व्यवस्था भन्दा तीन मेगावटसम्म क्षमताको विद्युत् स्थानीय तहलाई दिन उपयुक्त हुने प्रस्ताव राख्नुभयो ।

यसैगरी सांसद जनार्दन शर्माले क्षमता अनुसार विद्युत् उत्पादकलाई अनुमतिपत्र दिनुपर्ने बताउनुभयो । "अहिले कतिपय आयोजनाले लाइसेन्स लिएर बसेका छन् तर काम अगाडि बढाएका छैनन्, काम गर्छु भन्ने उत्पादकले लाइसन्स पाउन सकेका छैनन्, तसर्थ उत्पादकको क्षमता अनुसार लाइसेन्स दिनुपर्छ," उहाँले भन्नुभयो, "सरकारले पहिचान गरेको आयोजनामा प्रतिस्पर्धा गराउनुपर्छ, राष्ट्रिय निकुञ्जले विद्युत् आयोजना सञ्चालनमा बाधा सिर्जना गरेको छ । यसलाई सहज बनाउँदै अगाडि बढाउन आवश्यक छ ।"

अर्का संशोधनकर्ता बिना लामाले ऊर्जा सुरक्षा सुनिश्चित हुनुपर्नेमा जोड दिनुभयो । "बस्ती विकासको ठोस् योजनासहित गुरुयोजना बनाएर सो अनुरुप कार्यान्वयन गर्नुपर्छ" उहाँले भन्नुभयो, "निजी क्षेत्रलाई विद्युत्मा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ, तर निजी क्षेत्रले लगानी गरेको ठाउँमा सरकारले लगानी गर्नुहुँदैन । नभए भ्रष्टाचार बढ्छ ।रासस

## राष्ट्रिय प्राणी उद्यान निर्माणलाई प्राथमिकता दिने मन्त्री शाहीको प्रतिबद्धता

भक्तपुर । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले सूर्यविनायकमा रहेको राष्ट्रिय प्राणी उद्यानको रोकिएका पूर्वाधार निर्माणलाई प्राथमिकता दिने बताउनुभएको छ । नेपाल प्रेस सोसाइटीले सूर्यविनायकमा मंगलबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा मन्त्री शाहीले राष्ट्रिय प्राणी उद्यानका पूर्वाधार निर्माण गर्न मन्त्रालय तत्पर रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आगामी आर्थिक वर्षमा करिब एक अर्ब बजेट विनियोजन गरेर अन्तर र्राष्ट्रियस्तरको उद्यान बनाउन प्रतिबद्ध रहेको उहाँले बताउनुभयो ।

मन्त्री ठकुरीले भन्नभयो, "यो प्राणी उद्यानको विकल्प छैन, त्यसैले आगामी आर्थिक वर्षमा एक अर्ब बजेट विनियोजन गरेर अन्तर्राष्ट्रियस्तरको उद्यान बनाउन मेरो प्रयत्न रहनेछ, यो आयोजना सफल पार्न म हरसम्भव प्रयास गर्नेछु ।"

कार्यक्रममा प्रतिनिधिसभा सदस्य दुर्लभ थापाले राष्ट्रिय प्राणी उद्यानले मुलुकको पर्यटन विकासमा ठूलो योगदान दिने बताउँदै यसलाई छिटो सम्पन्न गर्न सरकारले चासो दिनुपर्ने



बताउनुभयो । उहाँले यो परियोजनालाई 'मेगा प्रोजेक्ट'को रुपमा लिएको बताउँदै पूर्वाधार निर्माणमा पूर्णता पाउने वित्तिकै सूर्यविनायक मात्रै नभइ देशलाई लाभ दिने बताउनुभयो ।

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव डा नरेश सुवेदीले आव ०७३/०७४ को बजेटमा 'एक प्रदेश, एक प्राणी उद्यान' स्थापना गर्ने नीति अनुसार काम थालेको भएपनि आठ वर्षपछि कार्यालयको भवन एउटा बनेको तर त्यसपछि थप काम हुन नसकेको बताउनुभयो । उहाँले सरकारले बनाउन नसक्ने भए कोषले दाताहरूबाट पुँजी संकलन गरेर निर्माण पूरा गर्न तयार रहेको बताउनुभयो । सरकारले ६० वर्षका लागि कोषलाई भाडामा दिएमा पाँचदेखि १० वर्षभित्रमा प्राणी उद्यानको सम्पूर्ण निर्माण सम्पन्न गर्ने उहाँको भनाइ थियो । राष्ट्रिय प्राणी उद्यानका प्रमुख भूपेन्द्र यादवले सरकारको उदासिनताका कारण निर्माण रोकिएको बताउदै यसलाई छिटो अघि बढाउन स्थानीय सरकार र सङ्घीय सरकारबीच सहकार्य गरी अघि बढ्न आवश्यक रहेको धारणा राख्नुभयो ।

नेपाल प्रेस सोसाइटीका अध्यक्ष उपेन्द्र केसीले छिटो निर्माण सम्पन्न गर्न मिडियाले पनि दबाब दिनु पर्नेमा जोड दिनुभयो । विसं २०७१ माघ २९ को मन्त्रिपरिषद्को निर्णयबाट प्राणी उद्यान निर्माणका लागि निर्देशन तयार पारेर दिएपनि पूर्वाधार निर्माण सुस्त गतिमा छ । भक्तपुरको सूर्यविनायक स्थित दुई ४५ हेक्टर सामुदायिक तथा सरकारी वनमा निर्माण हुन लागेको उक्त उद्यान अन्तर्राष्ट्रियस्तरको पर्यटकीय केन्द्रको रुपमा निर्माण गर्न लागिएको हो ।रासस

## संविधान संशोधन कार्यदल चाँडै बनाउँछौँ : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले संविधान संशोधन गर्न कार्यदल चाँडै बनाइने बताउनुभएको छ । संविधान संशोधन गर्न सरकारले आवश्यक गृहकार्य अघि बढाइसकेको उहाँले बताउनुभयो ।

नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घको नवौँ राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले सबै दलसँग सहमति जुटाएर समयसापेक्ष रुपमा संविधान संशोधन गरिने बताउनुभयो । संविधान संशोधन गर्नका लागि आवश्यक गृहकार्य गर्न कांग्रेस र एमालेले केही दिनमा बेग्लाबेग्लै कार्यदल बनाउन लागेको उहाँले जानकारी दिनुभयो ।

"पहिला हामी छलफल गरेर विषयको पहिचान गर्छौं । त्यसपछि सबै राजनीतिक दलसँग



चरणबद्धरुपमा वार्ता र संवाद गर्छौं", गृहमन्त्री लेखकले भन्नुभयो, "त्यसपछि विषयवस्तुमा सहमति गरेर संविधान संशोधन हुन्छ । यसका लागि केही समय लाग्छ ।"समावेशितालाई कमजोर बनाउन होइन बरु थप सुदृढ गरेर संविधान संशोधन गर्न लागिएको उहाँको भनाइ थियो ।रासस

# १.४५ अर्ब मानिस बस्ने भारतमा अझ धेरै बच्चा जन्मियून् भन्ने इच्छा किन

बीबीसी

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घको अनुमानअनुसार भारत गत वर्ष चीनलाई उछिन्दै संसारको सबैभन्दा धेरै जनसंख्या भएको देश बन्यो।झन्डै १.४५ अर्ब जनसंख्या भएको देश अब थप जनसंख्या बढाउने पक्षमा नहोला भन्ने तपाईँलाई लाग्न सक्छ। तर भारतमा अहिले जनसंख्या बढाउनुपर्ने पक्षमा बहस एक्कासि चुलिएको छ। देशका दुई दक्षिणी राज्यहरू आन्ध्र प्रदेश र तमिलनाडुका नेताहरू थप सन्तान जन्माउनुपर्ने पक्षमा उभिएका छन्।

आन्ध्र प्रदेशले घट्दो प्रजनन दर र वृद्ध हुँदै गएको जनसंख्यालाई दृष्टिगत गर्दै प्रोत्साहन दिनेबारे गम्भीरताका साथ विचार गरिराखेको छ। उक्त राज्यले स्थानीय निकायको चुनावका निम्ति “दुई सन्तानको नीति“ को खारेज गरेको छ। छिट्टै छिमेकी राज्य तेलङ्गनाले पनि त्यसै गर्न सक्ने विवरणहरू आएका छन्। तमिलनाडुमा पनि यसबारे चर्को गरी कुरा उठेको छ। भारतको प्रजनन दर निकै घटेको छ। सन् १९५० मा एक महिलाले सरदर ५.७ सन्तान जन्माउने गरेकोमा अहिले उक्त संख्या दुईमा सीमित छ। भारतका २९ मध्ये १७ राज्यमा प्रजनन दर प्रतिमहिला दुई जन्मको ’प्रतिस्थापन स्तर’भन्दा पनि तल झरेको छ। (प्रतिस्थापन स्तर भनेको त्यस्तो स्तर हो जसमा स्थिर जनसंख्या कायम राख्न नयाँ हुने जन्म पर्याप्त हुन्छ।)

भारतका पाँच दक्षिणी राज्यहरू देशको जनसाङ्ख्यिक परिवर्तनमा अगाडि छन् र तिनले प्रतिस्थापन स्तरको प्रजननलाई कायम राखेका छन्। केरला सन् १९८८ मा, तमिलनाडु सन् १९९३ मा र बाँकी सन् २००० को दशकको मध्यतिर उक्त कोसेढुङ्गामा पुगेका थिए। अहिले पाँच दक्षिणी राज्यको कुल प्रजनन दर १.६ भन्दामुनि छ। प्रजनन दर कर्नाटकमा १.६ र तमिलनाडुमा १.४ छ। यी राज्यहरूमा प्रजजन दर युरोपेली देशसरह वा अझ कम छ।

भारतीय राज्यहरूमा जनसंख्यामा एकरूपता छैन। जनसंख्यासँग सम्बन्धित विषयमा परिवर्तन हुँदै जाँदा निर्वाचनमार्फत् हुने प्रतिनिधित्व र राज्यअनुरूप विभाजन हुने संसदीय सीट तथा सङ्घीय राजस्वमा प्रभाव पर्ला भन्ने डर दक्षिणका राज्यहरूमा छ। “उत्तम आर्थिक प्रदर्शनका साथ सङ्घीय राजस्वमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदापुर्‍याउँदै पनि प्रभावकारी जनसंख्या नियन्त्रण नीतिकै कारण दण्डित हुनुपर्ने हो कि भनेर उनीहरू डराएका छन्,“ ’इन्टरन्याशनल इन्स्टिट्यूट फर पपुलेशन साइन्सेज’मा जनसाङ्ख्यिकी विषयका प्राध्यापक श्रीनिवास गोलीले बीबीसीसँग भने।

भारतले सन् १९७६ पछि पहिलो पटक सन् २०२६ मा संसदीय निर्वाचन क्षेत्रहरूको सीमा निर्धारण गर्न लागेको छ। त्यसबारे पनि ती राज्यहरूको आफ्नो सरोकार देखाएका छन्। उक्त अभ्यासले जनसाङ्ख्यिक परिवर्तनलाई प्रतिबिम्बित गर्न निर्वाचन क्षेत्र पुनः निर्धारित गर्ने छ। त्यस क्रममा आर्थिक रूपमा समृद्ध दक्षिणी राज्यहरूको संसदीय सीट घट्ने सम्भावना छ।

जनसंख्याका आधारमा सङ्घीय राजस्व बाँडफाँट हुँदै आएकाले धेरै मानिसहरू त्यसले आर्थिक कठिनाइ बढाउनुका साथै नीतिनिर्माणसम्बन्धी स्वतन्त्रता पनि सीमित हुने हो कि भनेर डराउने गरेका छन्।केए.स. जेम्स र शुभ्रा कृतिजस्ता जनसाङ्ख्यिकीविद्हरूका अनुसार निर्वाचन क्षेत्र निर्धारणले उत्तर प्रदेश तथा बिहारजस्ता धेरै जनसंख्या भएका राज्यहरूले धेरै सीट पाउने र तमिलनाडु, केरला तथा आन्ध्र प्रदेशजस्ता राज्यले गुमाउन सक्ने र त्यसले राजनीतिक प्रतिनिधित्वमा परिवर्तन ल्याउन सक्ने छ। प्रधानमन्त्री नरेन्द्र मोदी र अन्य धेरैले आर्थिक हिस्सेदारी तथा संसदीय सीटमा परिवर्तन आउने विषयमा हतारिएर निर्णय नगरिने सङ्केत गरेका छन्।

“जनसाङ्ख्यिकीविद्का रूपमा मलाई राज्यहरू यी विषयमा अधिक चिन्तित हुनुपर्छ जस्तो लाग्दैन। यी विषयहरू सङ्घ र राज्य सरकारबीचका रचनात्मक छलफलबाट समाधान हुन सक्छन्,“ गोली भन्छन्, “मेरो चिन्ता अन्तैतिर छ।“विज्ञहरूका अनुसार भारतको मुख्य चुनौती भनेको घट्दो प्रजनन दरका कारण तीव्र रूप बढिरहेको पाका मानिसको जनसंख्या हो। फ्रान्स र स्वीडनजस्ता देशलाई वृद्ध जनसंख्या ७ प्रतिशतबाट १४ पुर्‍याउन १२० र ८० वर्ष लाग्दा भारत २८ वर्षमै उक्त अवस्थामा पुग्ने प्राध्यापक गोली ठान्छन्। यो जनसाङ्ख्यिक परिवर्तन भारतको प्रजनन दर गिरावटसम्बन्धी अनौठो सफलतासँग जोडिएको छ।

धेरैजसो देशमा जीवनस्तरमा आएको सुधार, शिक्षा तथा सहरीकरणका कारण शिशुको बाँच्ने दरमा सुधार आउँदा स्वभाविक रूपमा प्रजनन दर घट्छ।भारतमा सामान्य सामाजिक-आर्थिक प्रगति हुँदा पनि प्रजनन दर तीव्र गतिमा घट्यो।त्यसमा आक्रमक परिवार कल्याण कार्यक्रमहरूको भूमिका छ जसले लक्ष्य, प्रोत्साहन तथा निरुत्साहनका माध्यमबाट सानो आकारको परिवारलाई प्रवर्धन गर्‍यो।

त्यसबाट कस्तो अनपेक्षित परिणाम आयो त? आन्ध्र प्रदेशलाई उदाहरण मानेर हेरौँ। प्राध्यापक गोलीका अनुसार त्यहाँको प्रजनन दर स्वीडनसरह १.५ छ, तर प्रतिव्यक्ति आय २८ गुनाले कम छ।बढ्दो ऋण र सीमित साधनहरूका बीच के यस्ता राज्यहरूले तीव्र रूपमा वृद्ध हुँदै गरेको जनसंख्याका निम्ति उच्च निवृत्तिभरण र सामाजिक सुरक्षा उपलब्ध गराउन सक्छन् त?संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोष (यूएनएफपीए)को हालैको ’इन्डिया एजिङ रिपोर्ट’का अनुसार भारतको ४० प्रतिशत वृद्ध जनसंख्या (६० वर्षमाथिका मानिस) कमजोर आर्थिक समूहमा पर्छन् र धनको वितरणको आधारमा जनसंख्याको तल्लो २० प्रतिशतको प्रतिनिधित्व गर्छन्। प्राध्यापक गोलीका अनुसार अर्को शब्दमा “भारत सम्पन्न बन्नु अगाडि नै बूढो“ हुँदै छ।

कम बच्चाहरू हुनुको अर्थ वृद्धावस्थाको निर्भरता दर बढ्नु हो। वृद्धवृद्धाको संख्या बढ्दै जाँदा हेरचाह गर्ने मानिसको संख्या भने घट्छ। विज्ञहरू भारतको स्वास्थ्य सेवा, सामुदायिक केन्द्र र वृद्धाश्रमहरू त्यस किसिमको परिवर्तनका निम्ति तयार नभएकोमा सतर्क गराउँछन्।

सहरीकरण, बसाइसराइ र बदलिँदो श्रमबजारका कारण कुनै बेला भारतकै बलियो खम्बा मानिएको परम्परागत पारिवारिक हेरचाहलाई बिस्तारै कमजोर बन्दै गएको छ। वृद्धवृद्धाहरूलाई बेसहारा हुँदै छन्। अधिक जनसंख्या भएका राज्यले कम जनसंख्या भएकाको काम गर्न सक्ने जनशक्तिको अभावलाई सहज बनाउन सक्ने भए पनि यसले आप्रवासनविरोधी चिन्ता जन्माउन सक्छ।

“वृद्धहरूको हेरचाहका निम्ति स्वास्थ्य, अन्तिम अवस्थाको हेरचाह र सामाजिक पूर्वाधारमा तत्काल बलियो लगानी हुन आवश्यक छ,“ गोलीले भने।दक्षिणी राज्यहरूको चिन्ता पर्याप्त नभए झैँ यस महिनाको सुरुमा मोदीको विचारधारात्मक मेरुदण्ड रहेको हिन्दू राष्ट्रवादी राष्ट्रिय स्वयंसेवक सङ्घ (रासस) का प्रमुखले दम्पतीहरूलाई भारतको सुरक्षित भविष्यका निम्ति कम्तीमा तीनवटा बच्चा जन्माउन आग्रह गरेका छन्। “जनसंख्या विज्ञानका अनुसार वृद्धि २.१ बाट तल झर्‍यो भने समाज आफैँ नष्ट हुन्छ, अरू कसैले नष्ट गर्दैन,“ मोहन भागवतले हालैको एउटा बैठकमा यसो भनेका विवरणहरू आएका छन्।


भागवतको चिन्ताका केही आधार भए पनि त्यो पूर्ण सही नभएको विज्ञहरू बताउँछन्। ’लन्डन स्कूल अफ इकोनमिक्स’का जनसाख्यिकी विशेषज्ञ टिम डाइसनका अनुसार एक वा दुई दशकपछि “निकै न्यून स्तरको प्रजनन दर कायम रहेमा जनसंख्या तीव्र रूपमा घट्ने छ। प्रतिमहिला १.८ जन्म हुने प्रजनन दरले व्यवस्थापन गर्ने गरी सुस्तसँग जनसंख्या घट्छ। तर यो दर १.८ वा त्योभन्दा कम भएमा “तीव्र र व्यवस्थापन गर्न नसक्ने गरी“ जनसंख्या घट्छ। “सानो संख्यामा मानिसहरू मात्रै पुनरुत्पादन र मुख्य कामकाजी उमेरमा प्रवेश गर्ने छन्। यो एउटा जनसाङ्ख्यिक प्रक्रिया हो र यसलाई उल्ट्याउन निकै गाह्रो हुन्छ,“ डाइसन भन्छन्।

केही देशहरूमा यस्तो अवस्था देखा परिसकेको छ।गत महिनामा दक्षिण कोरियाका राष्ट्रपति यून सुक यउलले देशको हालसम्मकै न्यून जन्मदरप्रति “राष्ट्रिय सङ्कटकाल“ घोषणा गर्दै त्यसैका निम्ति छुट्टै मन्त्रालय स्थापना गर्ने योजना घोषणा गरेका थिए। ग्रीसको प्रजनन दर १.३ मा झर्‍यो जुन सन् १९५० मा त्यसको दुई गुना हुने गर्थ्यो। उक्त स्थितिमा ग्रीसका प्रधानमन्त्रीले देशको जनसंख्याको “अस्तित्वगत खतरा“बारे सतर्क बनाउनुपर्ने स्थिति आयो।

तर विज्ञहरू मानिसहरूलाई अधिक बच्चा जन्माउन आह्वान गर्नु व्यर्थ भएको बताउँछन्। “लैङ्गिक असमानतामा कमीसहितको सामाजिक परिवर्तनलाई हेर्दा महिलाको जीवन पुरुषको समान हुँदै गएकाले यो प्रवृत्ति उल्टिने सम्भावना कम छ,“ डाइसन भन्छन्। यो खाडल पुर्न कसले पाइला चाल्ला? तमिलनाडु र केरलाजस्ता काम गर्न सक्षम जनशक्तिको घट्दो क्रमसँग जुधिरहेका राज्यहरूका निम्ति यो मूल प्रश्न हो। प्रजनन दरलाई उल्ट्याउन अक्षम भएका विकसित देशहरू वृद्धावस्थाका मानिसको स्वास्थ्य र सक्रियतामाथि केन्द्रित हुनुका साथै कामकाजी उमेरलाई पाँचदेखि सात वर्षसम्म तन्काएर वृद्ध जनसंख्याको उत्पादकत्व बढाउँदै छन्।

विज्ञहरू भारतले अवकाशको उमेरलाई सार्थक रूपमा बढाउन आवश्यक भएको र स्वास्थ्य जाँचका माध्यमबाट स्वस्थ वर्षहरू बढाउनेतर्फ नीतिहरू केन्द्रित गरेर सक्रिय र उत्पादक वृद्ध जनसंख्याको सुनिश्चितताका निम्ति बलियो सामाजिक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने बताउँछन्। त्यसले “जनसाख्यिक लाभांश“को बाटो खोल्ने उनीहरूको भनाइ छ।

भारतले आफ्नो जनसाख्यिक लाभांशको सक्दो लाभ लिनुपर्छ किनकि देशसँग काम गर्न सक्ने ठूलो जनशक्ति भएका बेला आर्थिक विकास हुन्छ। प्राध्यापक गोली भारतसँग सन् २०४७ सम्म अर्थतन्त्रलाई बढाउने, काम गर्न सक्ने उमेरको जनसंख्याका निम्ति रोजगारी सिर्जना गर्ने र वृद्धावस्थामा जाँदै गरेकाका निम्ति स्रोत बाँडफाँट गर्ने एउटा अवसरको अवधि भएको बताउँछन्।“हामीले लाभांशको १५-२० प्रतिशतमात्रै प्राप्त गरिराखेका छौँ। अझ राम्रो गर्न सक्छौँ,“ उनको निष्कर्ष छ।



> भारतले आफ्नो जनसाख्यिक लाभांशको सक्दो लाभ लिनुपर्छ किनकि देशसँग काम गर्न सक्ने ठूलो जनशक्ति भएका बेला आर्थिक विकास हुन्छ। प्राध्यापक गोली भारतसँग सन् २०४७ सम्म अर्थतन्त्रलाई बढाउने, काम गर्न सक्ने उमेरको जनसंख्याका निम्ति रोजगारी सिर्जना गर्ने र वृद्धावस्थामा जाँदै गरेकाका निम्ति स्रोत बाँडफाँट गर्ने एउटा अवसरको अवधि भएको बताउँछन्।“हामीले लाभांशको १५-२० प्रतिशतमात्रै प्राप्त गरिराखेका छौँ। अझ राम्रो गर्न सक्छौँ,“ उनको निष्कर्ष छ।

# अङ्ग प्रत्यारोपणलाई 'पारदर्शी बनाउन' ल्याइएको अनलाइन सेवाले के फरक पार्छ?

बीबीसी

काठमाण्डु । नेपालमा हाल रगतको नाता पर्नेहरूबाट मात्रै अङ्ग लिन पाउने व्यवस्थाका कारण प्रत्यारोपण आवश्यक परेकाहरूलाई अङ्गहरू उपलब्ध हुने अवस्था नरहेको भन्दै सरकारले ’ब्रेन डेथ’ हुने घटनापछिको प्रत्यारोपणलाई व्यवस्थित गर्ने गरी अनलाइन प्रणाली सुरु गरेको जनाएको छ।परिवारले अनुमति दिँदाको अवस्थामा मानव अङ्ग प्रत्यारोपण केन्द्रले अङ्ग निकालेर आवश्यक अन्यमा प्रत्यारोपण वा सङ्ग्रह गर्न सक्ने कानुनी व्यवस्थासमेत छ।जसका कारण यस कदमले एकातर्फ कसैको दुःखद् मृत्यु हुँदा अर्कोतर्फ जोखिममा रहेकालाई नयाँ जीवन मिल्ने क्रमले व्यापकता पाउने स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेल बताउँछन्।

“ब्रेन डेथ भएको अवस्थामा ती व्यक्तिका लागि उपयोगी नहुने अङ्ग अर्को कसैका लागि भने नयाँ जीवन दिने खालको हुन्छ,“ मन्त्री प्रदिप पौडेलले बीबीसीसँग भने। “अनलाइनको यस प्रक्रियामा त्यस्तो अङ्ग कसलाई दिने भन्ने कुरा पारदर्शी बनाउँछ।“ ’ब्रेन डेथ’ अर्थात् मस्तिष्कले काम गर्न छोडेर श्वासप्रश्वास बन्द भएको र चेतना पनि लुप्त भएको मृत्यु नजिकको अवस्थामा मानव शरीरबाट कतिपय जीवन रक्षक अङ्गहरू शल्यक्रिया गरेर निकाल्न सकिन्छ।

अधिकारीहरूले अनलाइन प्रणालीमा गए पछिको अवस्थामा जीवनको सम्भावना नरहेकाहरूबाट अङ्ग लिने परिस्थिति सहज हुने र सरल तरिकाले लिइने विवरणले आम नेपालीमा यसको महत्त्वबोध समेत गराउने बताउँछन्। शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका प्रमुखले स्वचालित रूपमा सञ्चालन हुने यस विधिले अङ्ग प्रत्यारोपणको महत्त्वलाई व्यापक रूपमा बुझाउन सक्ने जनाएको छ।

“जस अनुसार अब घरमै बसेर मोबाइलबाट समेत आफू मरेपछि अङ्गदान गर्ने मञ्जुरीनामा दर्ता गर्न सकिन्छ। पहिलेजस्तो प्रत्यारोपण केन्द्रमा पुगेर कागजमा हस्ताक्षर गर्न पर्ने छैन,“ केन्द्रका कार्यकारी निर्देशक पुकारचन्द्र श्रेष्ठले बीबीसीसँग भने।तर जस्तोसुकै अवस्थामा समेत ’ब्रेन डेथ’ भएको चौबीस घण्टाभित्र कुनै व्यक्तिका निकाल्न मिल्ने आठवटा अङ्गका लागि परिवारको अनुमति भने अनिवार्य छ।



“पहिल्यै स्वयंले स्वीकृति दिइएको अवस्थामा परिवारबाट अवरोध आउने सम्भावना कम रहन्छ भन्ने हाम्रो मान्यता हो,“ डा श्रेष्ठ भन्छन्। नेपालमा बर्सेनि एक हजार हाराहारीको सङ्ख्यामा सडक दुर्घटनाबाट मानिसहरूको ’ब्रेन डेथ’ हुनसक्ने अवस्था देखा पर्ने गरेको तथ्याङ्क केलाउँदै एकजनाबाट आठ जनासम्मको ज्यान बचाउन सकिने अवस्था रहने केन्द्रका प्रमुख श्रेष्ठ बताउँछन्।तर हाल नेपालमा धेरैजसो जीवित दाताबाट मिर्गौला र कलेजोको प्रत्यारोपण हुने गरेको छ।राष्ट्रिय प्रत्यारोपण केन्द्रले मात्र पछिल्लो झन्डै एक दशकमा साढे १३ सय मिर्गौला र ३० जनाको कलेजो प्रत्यारोपण गरेको जनाएको छ।पूर्वाधार राम्रो हुँदाको हकमा प्रत्यारोपण गर्ने गति पाँच गुणासम्मले बढाउन सकिने आफूहरूको विश्वास रहेको डा. श्रेष्ठ बताउँछन्।

“अब हामी मुटु र फोक्सोको प्रत्यारोपणसमेत यहीँ गर्ने तयारीमा छौँ। बिस्तारै अन्य अङ्गको तर्फ क्षमता बढाउने योजना छ।“ क व्यक्तिबाट दुईवटा मिर्गौला, एउटा कलेजो, एउटा मुटु, दुईवटा फोक्सो, एउटा अग्न्याशय (प्यान्क्रियास), एउटा सानो आन्द्रा गरेर आठवटा जीवनरक्षक अङ्ग प्रत्यारोपणका लागि निकाल्न सकिन्छ। आँखाको नानी, छाला, हड्डी, पाठेघरजस्ता अन्य अङ्गहरू पनि प्रत्यारोपण गर्न सकिन्छ।तर निकै छोटो समयमै सो काम सक्नुपर्ने हुँदा अस्पतालहरूबीच प्रभावकारी समन्वय र सूचना आदानप्रदान आवश्यक हुन्छ। मानव अङ्ग प्रत्यारोपण केन्द्रले विकास गरेको यस डिजिटल प्रणालीमा अङ्ग आवश्यक परेको कुनै व्यक्तिले आफ्नो सम्पूर्ण आवश्यक विवरण त्यहाँ दर्ता गर्नुपर्ने हुन्छ।

“जसपछि अब प्राप्त हुने अङ्ग कसले प्राप्त गर्छ भन्ने कुरा पहिल्यै निश्चित भइसकेको हुन्छ। त्यस्तोमा कसैले पनि पालो मिच्न सक्दैन,“ मन्त्री पौडेल भन्छन्।अङ्गदानको संस्कार बनोस् भनेरै प्रोत्साहनस्वरूप रकम दिने व्यवस्था गरिएको मन्त्री पौडेल बताउँछन्।उनी थप्छन्ः “अङ्ग प्राप्त हुने बित्तिकै पहिल्यै तय गरिएको सूचीमा क्रमशः म्याच गर्दै त्यसको टुङ्गो लगाउने काम गरिन्छ।“त्यसैगरी आवश्यकतामा रहेका अङ्ग सङ्ग्रह गर्न सक्ने स्थितिसमेत बन्ने अधिकारीहरू बताउँछन्।

मन्त्री पौडेलले थपेः “हामीहरूले अङ्गप्रत्यारोपणका सम्पूर्ण पक्ष सार्वजनिक गर्नेगरी संयन्त्र विकास गरेर अनलाइन प्रणालीबाट त्यससम्बन्धी सूचना सम्प्रेषण गर्ने कोशिश गरेका हौँ।“ प्रत्यारोपण केन्द्र प्रमुख पुकारचन्द्र श्रेष्ठले विकसित पश्चिमा मुलुकमा ८० प्रतिशतजति अङ्ग प्रत्यारोपण ’ब्रेन डेथ’का घटनाबाट हुने बताउँदै सडक दुर्घटना धेरै हुने नेपालमा यस्तो अभ्यासले धेरैको ज्यान जोगाउन सक्ने ठान्छन्।“हामीकहाँ अझै यसको महत्त्व नबुझ्दा वा अन्धविश्वासका कारण मृत्यु भइसक्दा पनि आफ्ना प्रियजनको अङ्गदान गर्न नचाहने प्रवृत्ति देखिन्छ,“ डा श्रेष्ठ भन्छन्।

“ ह ा म ॅ ा ॅ संस्कारमा अझै पनि अन्तिम संस्कारको जिम्मेवारी परिवारसँग रहने हुँदा उसको इच्छालाई नाघेर प्रत्यारोपण गरिँदैन। पहिल्यै मञ्जुरीनामा स्वीकृति दिएको भए पनि पछि परिवारले नचाहेका हकमा त्यसो गर्ने गरिएको छैन।“ अङ्गदानको अनुमति दिने परिवारलाई स्वास्थ्य मन्त्रालयले प्रोत्साहनस्वरूप दुई लाख रुपैयाँ र उक्त सूचना उपलब्ध गराउने अस्पताललाई समेत ७५ हजार रुपैयाँ दिने सरकारले जनाएको छ।कतिपय अवस्थामा अस्पतालहरूबाट ब्रेन डेथका घटनाको खबर समयमै नगरेर त कहिले परिवारबाट समेत अनिच्छा देखाएर यसले अपेक्षित रूपमा गति लिन नसकेको केन्द्रका अधिकारीहरू बताउँछन्।

त्यसैले नेपालमा अधिकांश घटनामा आफ्नो परिवारकै स्वस्थ व्यक्तिबाट मात्र अहिलेसम्म अङ्गप्रत्यारोपण भएको पाइन्छ।हाल नेपालमा काठमाण्डू, पोखरा र सुर्खेतमा प्रत्यारोपण सेवा छ।सुरुमा राजधानीमा मानव अङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुर र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा मात्र उक्त सेवा उपलब्ध थियो।त्यसबाहेक वीर अस्पताल र केही निजी अस्पतालहरूमा समेत केही परीक्षण भएर यस्तो सुविधा विस्तार गर्न खोजिएको स्वास्थ्य मन्त्री पौडेल बताउँछन्।

त्यसबाहेक नेपालगञ्जको भेरी अस्पताल, मोरङको कोशी अस्पताल, वीरगञ्जको नारायणी अस्पतालमा तीव्र गतिमा विस्तार गर्ने तयारी रहेको उनको भनाइ छ।दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुदूरपश्चिमको ग्रेटा अस्पताललाई ३०० शय्याको अस्पतालमा विकास गरेर मानव अङ्ग प्रत्यारोपणको सेवा समेत दिनेगरी विस्तार गर्न खोजिए तापनि त्यसका लागि भने केही समय लाग्ने अधिकारीहरूको आकलन छ।

# सूर्य 'छुने' प्रयासमा नासाको अन्तरिक्षयान

बीबीसी

काठमाण्डु । अमेरिकी अन्तरिक्ष निकाय नासा एउटा अन्तरिक्षयान सूर्यको सर्वाधिक नजिक पठाएर नयाँ कीर्तिमान बनाउने अभियानमा छ।नासाको योजनाअनुसार ’पार्कर सोलर प्रोब’ नामक उक्त यान सूर्यको बाह्य मण्डलमा प्रवेश गर्ने छ। त्यस क्रममा उक्त यानले अत्यधिक तापक्रम र विकिरण सामना गर्नुपर्छ।

त्यो उडानका क्रममा उक्त यान केही दिन सञ्चारसम्पर्कबाट छुट्टिने छ। वैज्ञानिकहरू उक्त यान सकुशल रहे नरहेको पत्ता लगाउन सङ्केतको प्रतीक्षामा हुने छन्। त्यस्तो सङ्केत सम्भवतः यही साता शुक्रवार (डिसेम्बर २७ मा) प्राप्त हुने छ। यो सानो अन्तरिक्षयानले सूर्यले कसरी काम गर्छ भन्ने अझ राम्ररी बुझ्न सघाउने आशा वैज्ञानिकहरूको छ। “सयौँ वर्षदेखि मानिसहरूले सूर्यबारे अध्ययन गर्दै आएका छन्। तर नपुगेसम्म कुनै ठाउँ कस्तो छ भन्ने महसुस गर्न सकिँदैन,“ नासाको विज्ञान विभागकी प्रमुख निकोला फक्सले बीबीसी न्यूजसँग भनिन्।

उनका अनुसार सूर्यको निश्चित भाग कस्तो छ भनेर थाहा पाउनका लागि पनि त्यहाँ त्यस्तो उडान गर्नैपर्ने हुन्छ। सौर्यमण्डलको मध्यभागतिर जाने गरी पार्कर सोलर प्रोब सन् २०१८ मा प्रक्षेपण गरिएको थियो।यो प्रोब २१ पटक सूर्यनजिक पुगिसकेको छ। तर क्रिस्मसको अघिल्लो दिन मङ्गलवार अझ निकटको बिन्दु पुगेर यसले पुराना कीर्तिमानहरू भङ्ग गर्ने वैज्ञानिकहरूको आकलन छ।

निकटतम बिन्दुमा पुग्दा यो प्रोब सूर्यको सतहभन्दा ३८ लाख माइल (६२ लाख किलोमिटर)को दूरीमा हुने छ।त्यो दूरी तपाईँलाई निकै धेरै लाग्न सक्छ।तर निकोला फक्स त्यसलाई तुलनात्मक दृष्टिकोणबाट हेर्नुपर्ने ठान्छिन्। “हामी सूर्यभन्दा ९.३ करोड माइल टाढा छौँ। यदि सूर्य र पृथ्वीलाई एक मिटरको दूरीमा राख्ने हो भने ’पार्कर सोलर प्रोब’ सूर्यभन्दा चार सेन्टिमिटर टाढा हुन्छ। त्यसैले त्यो निकै नजिक हो,“ उनले भनिन्। उक्त प्रोबले १,४०० डिग्री सेल्सिअससम्मको तापक्रम र विकिरण झेल्नुपर्छ। त्यस्तो अवस्थामा त्यसभित्र रहेका विद्युतीय उपकरणहरू गल्न सक्छन्।

उक्त प्रोबलाई जोगाउन ११.५ सेन्टिमिटर बाक्लो ’कार्बन-कम्पोजिट’बाट निर्मित कवच बनाइएको छ। सूर्यको वाह्य मण्डलमा तीव्र गतिमा प्रवेश गर्ने र निस्किने रणनीतिमा यो यान छायो प्रोब मानवनिर्मित अन्य यान वा वस्तुभन्दा तीव्र गतिमा उड्छ। यसको गति ४.३ लाख माइल प्रतिघण्टा छ। त्यो वेगमा यात्रा गर्ने हो भने ३० सेकन्डभन्दा कम समयमा लन्डनबाट न्यूयोर्क पुगिन्छ। सूर्य “छुने“ यस्तो प्रयास किन गरिँदै छ त?सूर्यको बाह्य मण्डल ’करोना’मा यो यान उड्दा एउटा पुरानो रहस्यको कारण पत्ता लगाउन सकिने वैज्ञानिकहरूले ठानेका छन्।“करोना निकै धेरै तातो छ तर हामीलाई त्यसको कारण थाहा छैन,“ फिफ्थ स्टार ल्याब्समा कार्यरत खगोलविद् डा जेनिफर मिलर्डले भनिन्।

“सूर्यको सतह झन्डै ६,००० डिग्री सेल्सिअस छ। तर करोना जुन सूर्यग्रहण लाग्दा देखिने बाह्य मण्डल हो त्यसको तापक्रम लाखौँ डिग्री पुग्छ। त्यो सूर्यको सतहबाट निकै टाढा छ। वाह्य मण्डल कसरी निकै तातो बन्छ?“ यो अभियानले वैज्ञानिकहरूलाई सौर्य आँधीबारे पनि थप कुरा बुझ्न सघाउने ठानिएको छ। सौर्य आँधीमा करोनाबाट निरन्तर निस्किने आयनीकृत कणहरू हुन्छन्।ती कणहरूले पृथ्वीको चुम्बकीय क्षेत्रसँग अन्तरक्रिया गर्दा आकाशमा रङ्गीन प्रकाशयुक्त ’ओरोरा’ बन्छ।’अन्तरिक्ष मौसम’ पनि भनिने यो प्रक्रियाका कारण कहिलेकाहीँ समस्या पनि उत्पन्न हुन सक्छ। ऊर्जा आपूर्ति गर्न निर्मित ग्रिडहरू, विद्युतीय सामग्रीहरू र सञ्चार प्रणाली त्यसबाट प्रभावित हुन सक्छन्।

“सूर्य, त्यसका गतिविधि, अन्तरिक्ष मौसम, सौर्य आँधीबारे बुझ्नु पृथ्वीमा हाम्रो दैनिक जीवनका लागि निकै महत्त्वपूर्ण हुन्छ,“ डा मिलर्डले भनिन्। नासाका वैज्ञानिकहरू उक्त यान आफ्नो सम्पर्कमा नहुने समयको प्रतीक्षामा छन् । उक्त यानले पृथ्वीमा पुनः सङ्केत पठाएपछि आफ्नो टोलीले आफूलाई त्यसबारे सूचित गर्ने बताइन्।उनी यो “दुस्साहसिक प्रयास“कारण आफू व्यग्र भएको स्वीकार गर्छिन् ।

# पाकिस्तानमा राजनीतिक विवाद समाधान गर्न सत्तारूढ दल र विपक्षीबीच वार्ता

एएनआई

इस्लामाबाद । पाकिस्तान तहरीक-ए-केमा (पीटीआई) र सरकारबीच देशमा राजनीतिक तनाव कम गर्ने उद्देश्यले इस्लामाबादको संसद भवनमा वार्ता प्रक्रिया सुरु भएको छ ।

जियो न्यूजको कार्यक्रममा बोल्दै सरकारी समितिका सदस्य सिनेटर इरफान सिद्दिकीले भन्नुभयो,“जनता देशमा अराजकता र आर्थिक अस्थिरताभन्दा पनि शान्ति र लोकतान्त्रिक मान्यता चाहन्छन् । न्यायिक मामिलामा सरकारको कुनै सरोकार छैन ।”दुवै समितिको आपसी परामर्शमा आगामी माघ २ गते वार्ता हुने उहाँको भनाइ छ । सिद्दिकीले वार्ता प्रक्रियालाई निरन्तरता दिन दुवै समितिको पुनः बैठक हुने बताउनुभयो ।दुवै पक्षले वार्तामा बाधा पुर्‍याउने सार्वजनिक अभिव्यक्तिबाट जोगिन सहमत भएको पनि पुष्टि उहाँले गर्नुभयो ।

“हामी वार्ताको तार्किक निष्कर्ष चाहन्छौं । हामीले उनीहरूलाई पीटीआईलाई माग बडापत्रको रूपमा प्रस्तुत गर्न भन्यौं,” उहाँले थप्नुभयो ।यद्यपि, सिद्दिकीले यस प्रारम्भिक चरणमा वार्ताको नतिजाको बारेमा कुनै पनि वाचा गर्नबाट बच्न सावधानी अपनाए । उहाँले सरकारले तत्काल आश्वासन दिन सक्दैन तर पीटीआईका मागहरू लिखित रूपमा प्रस्तुत गरेपछि विचार गर्नेछ ।“संवैधानिक र कानुनी विषयमा जानकार वरिष्ठ सदस्य सम्मिलित सरकारी समितिले पूर्व सत्तारुढ दलको माग बुझेर विकल्पमा छलफल गर्नेछ,” उहाँले भन्नुभयो ।

मजलिस वाहदत-ए-मुस्लिमिनका प्रमुख सिनेटर राजा नासिर अब्बासले पनि वार्तामा आफ्नो विचार राख्नुभयो । सोही कार्यक्रममा बोल्दै अब्बासले जारी वार्ताप्रति आशावादी रहेको बताउनुभयो । निवर्तमान सरकारले बोलाएको बैठकमा धेरै सकारात्मक कुराहरु देखेको छु ।उहाँले पीटीआई वार्ता समिति गठनको प्रशंसा गर्दै सरकारले आफ्नै वार्ता समिति गठन गर्न ढिलाइ गरेको भन्दै आलोचना गर्नुभयो ।अब्बासले पाकिस्तानको राजनीतिक विवादलाई सम्बोधन गर्न यी वार्ताहरूले प्रदान गरेको अवसरको पूरा फाइदा लिन पनि सरकारलाई आग्रह गर्नुभयो । बैठकमा उपप्रधानमन्त्री इशाक दार, प्रधानमन्त्रीका सल्लाहकार राणा सनाउल्लाह र सिनेटर इरफान सिद्दिकीलगायतका प्रमुख व्यक्तित्वहरू सहभागी थिए ।विपक्षी तर्फबाट राष्ट्रिय सभाका पूर्व सभामुख असद कैसर, सुन्नी इत्तेहाद परिषद्का अध्यक्ष साहिबजादा हमिद रजा र एमडब्ल्यूएमका राजा नासिर अब्बासले प्रतिनिधित्व गरेका थिए ।पहिलो चरणको छलफलपछि पीटीआईले आफ्ना मागहरु सरकारी समितिमा लिखित रुपमा बुझाउने प्रतिबद्धता जनाएको छ ।

# अमेरिकी डलरको भाउ बढ्यो, यस्तो छ अन्यको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । निर्धारित विनिमयदर अनुसार मंगलबार अमेरिकी डलरको मूल्य बढेको छ । अष्ट्रेलियन डलर, चिनियाँ युआन, साउदी अरेबियन रियाल, युएई दिराम, मलेसियन रिङ्गेट, हङ्कङ डलर, कुवेती दिनार, बहराइन दिनार, ओमनी रियालको मूल्य पनि बढेको छ ।

केन्द्रीय बैंकले तय गरेको विनिमयदरअनुसार युके पाउण्ड स्टर्लिङ, स्विस फ्रयाङ्क, क्यानेडियन डलर, जापानी येनको मूल्य भने घटेको छ । निर्धारित दर अनुसार, अमेरिकी डलर एकको खरिददर एक सय ३५ रुपैयाँ ९० पैसा र बिक्रीदर एक सय ३६ रुपैयाँ ५० पैसा कायम भएको छ । घटेको युरोपियन युरो एकको खरिददर एक सय ४१ रुपैयाँ ३२ पैसा र बिक्रीदर एक सय ४१ रुपैयाँ ९४ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७० रुपैयाँ ४४ पैसा र बिक्रीदर एक सय ७१ रुपैयाँ १९ पैसा, स्विस फ्रयाङ्क एकको खरिददर एक सय ५१ रुपैयाँ ६५ पैसा र बिक्रीदर एक सय ५२ रुपैयाँ ३२ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८४ रुपैयाँ ९५ पैसा र बिक्रीदर ८५ रुपैयाँ ३३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९४ रुपैयाँ ३८ पैसा र बिक्रीदर ९४ रुपैयाँ ८० पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ १६ पैसा र बिक्रीदर एक सय रुपैयाँ ६० पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर आठ रुपैयाँ ६७ पैसा र बिक्रीदर आठ रुपैयाँ ७० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६२ पैसा र बिक्रीदर १८ रुपैयाँ ७० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ १८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ३४ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ २८ पैसा र बिक्रीदर ३७ रुपैयाँ १६ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर तीन रुपैयाँ ९७ पैसा र बिक्रीदर तीन रुपैयाँ ९९ पैसा युएई दिराम एकको खरिददर ३७ रुपैयाँ र बिक्रीदर ३७ रुपैयाँ १६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ २७ पैसा र बिक्रीदर ३० रुपैयाँ ४० पैसा निर्धारण भएको छ । साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ४० पैसा, स्विडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३१ पैसा र बिक्रीदर १२ रुपैयाँ ३६ पैसा र डेनिस क्रोनर एकको खरिददर १८ रुपैयाँ ९५ पैसा र बिक्रीदर १९ रुपैयाँ तीन पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ ४९ पैसा र बिक्रीदर १७ रुपैयाँ ५७ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४१ रुपैयाँ दुई पैसा र बिक्रीदर चार सय ४२ रुपैयाँ ९७ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६० रुपैयाँ १९ पैसा र बिक्रीदर तीन सय ६१ रुपैयाँ ७८ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ५२ रुयैयाँ ९७ पैसा र बिक्रीदर तीन सय ५४ रुपैयाँ ५३ पैसा तोकिएको छ । रासस

# रेल्वेको ट्र्याकले सावरसुपखेती अन्योलमा

पथरी । जिल्लाको पथरी शनिश्चरे-१ का भीमसेनी सुब्बाले पाँच वर्ष पहिले सगरमाथा कृषि फार्म सञ्चालन गरी सावरसुपखेती सुरु गर्नुभएको हो । नेपाललाई भारतसँग जोड्ने पूर्व-पश्चिम रेलमार्ग फार्मअन्तर्गतको जग्गामा परेपछि अहिले उहाँमा खेती के होला भन्नेबारे अन्योलता छाएको छ । स्वदेशमा कृषि कर्ममार्फत राज्यलाई सहयोग गर्ने उद्देश्य बोकेर यहाँ आउनुभएका पूर्वभारतीय सेना सुब्बा रेल्वेको ट्र्याकले फार्ममा परेपछि खेतीको विकल्पका बारेमा दोधारमा हुनुहुन्छ ।

नेपालमा फरक तथा नौलो खेती सुरु गर्नुभएका सुब्बाले सावरसुप 'एन्टी क्यान्सर' का रूपमा चिनिने वनस्पति हो भन्नुभयो । आफूले फार्म सञ्चालन गर्दै आएको एक बिघा जमिनमा रेलमार्ग छिरेपछि निराशा र दोधार छाएको उहाँले बताउनुभयो । रेलमार्ग फार्ममा परेपछि सबै बैंकिङ प्रक्रिया बन्द भएको बताउँदै पाँच वर्ष पहिले बैंकबाट ऋण लिएर १० कट्ठा जग्गामा फार्म सञ्चालन गरेको सुब्बाले जानकारी दिनुभयो । "अहिले फार्मअन्तर्गको जमिन रेलमार्ग परेपछि फार्म रुग्ण भएको छ । अहिले पूर्व काँकडभिट्टाबाट पश्चिम कञ्चनपुरसम्म रेलमार्गको काम भएको छैन, जग्गा फुकुवा पनि भएको छैन", उहाँले भन्नुभयो, "यसले गर्दा खेतीको विकल्प वा व्यवस्थापन कसरी गर्ने अन्योलता छाएको छ ।"

सुब्बाले छ वर्षअघि कुखुरा, माछा, सुँगुर, काजु, फलफूल र अर्ग्यानिक सागसब्जी उत्पादन सुरु गर्नुभएको थियो । अठार वर्षको कलिलो उमेरमा भारतीय सेनामा भर्ती हुनुभएका सुब्बालाई १८ वर्षपछि स्वदेशमा कृषि कर्म गर्ने रहर लागेपछि स्वदेश फर्कनुभयो । भारतीय सेनामा हुँदा भएको आम्दानी र सीपबाट आफूलाई कृषिमा लाग्न प्रेरणा मिलेको उहाँले बताउनुभयो । "भारतीय सेनामा हुँदा शान्तिसेना जाँदा देखेको सावर सुपको फल उत्पादन गर्न धेरै सङ्घर्ष गर्नुपर्‍यो । आफन्तको सहयोगमा अमेरिकाबाट बीउ मगाएर सुरु खेती सुरु गरेको थिएँ । अहिले बैंकिङ प्रक्रिया बन्द हुनु, रेलमार्गका कारण जग्गा फुकुवा नहुनुलगायत कारणले ऋणको भार मात्र थपिएको छ", सुब्बाले भन्नुभयो ।



अमेरिकाबाट एक हजार दुई सय डलरमा बीउ मगाएको जनाउँदै सुब्बाले सुरुमा ४५ वटा बिरुवा उमारेको बताउनुभयो । दश कट्ठा जमिनमा सुरु गरेको खेती अहिले एक बिघामा फैलिएको उहाँले जानकारी दिनुभयो । सावरसुपको फल प्रतिकिलो रु दुई हजार दुई सयसम्ममा नेपाली बजारमा बिक्री हुँदै आएको उहाँले उल्लेख गर्नुभयो । व्यावसायिक खेती गर्ने उद्देश्यले अमेरिकाबाट दाना बीउ ल्याई लगाएको बिरुवाले उत्पादन दिन सुरु गरेको सुब्बाले जानकारी दिनुभयो । फार्ममा रेल्वेको ट्र्याक परेपछि आफ्नो सपना अधुरै रहने हो कि भन्ने चिन्ताले सताउन थालेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "आफ्नो उर्भर जीवन भारतीय सेनामा बित्यो, सबै सम्पत्ति फार्ममा छ । बैंकले ऋण लिने प्रक्रिया बन्द गरेपछि अहिले समस्यामा छु ।"

सुब्बाले गरेको खेती नेपालमा नौलो र फरक किसिमको कृषिजन्य वनस्पति हो । 'एन्टी क्यान्सर' बिरुवाका रूपमा चिनिएको उक्त वनस्पतिलाई विदेशमा बढी उपयोग गरिन्छ । नेपालमा यसको महत्वबारे थाहा नभएकाले सुब्बाले यसको महत्व बुझाउन पनि व्यावसायिक खेती सुरु गरेको बताउनुभयो । भारतीय सेनामा रहँदा अफ्रिका पुग्नुभएका उहाँले त्यहाँ देखेर सावरसुपको बिरुवालाई अहिले आफ्नो बारीमा हुर्काइरहेको बताउनुभयो । यसको पात र फल खानाले विभिन्न रोग प्रतिरोधात्मक क्षमता बढ्ने गर्दछ । पछिल्लो समय यसको फल क्यान्सरका बिरामीले रोकथामका लागि खाने गरेका बताउँदै सुब्बाले यसका बारेमा जानकारीमूलक प्रचारप्रसार गर्नुपर्ने भनाइ राख्नुभयो ।

बीउबाट ४५ बिरुवा उमार्नुभएका सुब्बाले अहिले आधुनिक प्रविधिमार्फत एक सय ५० बिरुवा बनाएको जानकारी दिनुभयो । पाँच प्रकारका विभिन्न स्वाद पाइने सावरसुपको फलसँगै पात पनि चियामा प्रयोग हुने उहाँले बताउनुभयो । बिरुवालाई 'एयर ल्यायरिङ' र 'ग्राफ्टिङ' प्रविधि अपनाएर बिरुवा उत्पादन गरेको बताउँदै उहाँले बिरुवा बिक्री भने नगरेको उल्लेख गर्नुभयो ।"आफ्नै बारीमा बिरुवा हुर्काएर अझ व्यावसायिक बन्ने प्रयासमा सुब्बा लाग्नुभएको छ", पथरी शनिश्चरे-१ का वडाध्यक्ष नैना राईले बताउनुभयो । केही बिरुवा वडालाई निःशुल्क वितरण गर्नुभएको भन्दै भविष्यमा बिरुवा बिक्री गर्ने सोचसहित सुब्बाले योजना बनाइरहनुभएको उहाँले जानकारी दिनुभयो ।

क्यान्सरबाट बर्सेनि नेपाली पीडित बनिरहेको अवस्थामा यो फलको सेवनबाट क्यान्सर रोग नियन्त्रणमा सहयोग पुग्ने विभिन्न अध्ययनले देखाएको सुब्बाले बताउनुभयो । पछिल्लो समय सावरसुपका बारेमा थाहा पाएर फार्ममा बिरुवा, पात र फल किन्नहरू आउने उहाँले जानकारी दिनुभयो । नयाँ खेती सुरु गरेकाले स्थानीय तथा सङ्घीय सरकारसँग खेती व्यवस्थापनको विकल्पसहित आर्थिक, प्राविधिक सहयोग गर्न उहाँले अनुरोध गर्नुभयो ।

बङ्गुर र कुखुराबाट उत्पादित मलले साग तथा अन्य तरकारी उत्पादन गर्दै आएको सुब्बाको भनाइ छ । "नेपाली बजारमा यो नयाँ किसिमको फल भएकाले यसलाई तराईका क्षेत्रमा विस्तार गर्नसके, यसको थप अध्ययन गरी महत्वबारे सबैलाई जानकारी दिनसके यसप्रति अन्य कृषकको पनि आकर्षण बढ्ने थियो", उहाँले भन्नुभयो, "यसका लागि कृषि ज्ञान केन्द्र, स्थानीय तथा सङ्घीय सरकार, अन्य सरोकार भएका निकायले सहयोग र समन्वय गर्नुपर्छ ।"रासस

# जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबीखेती

गलकोट । बागलुङमा उत्पादित बहुगुणी फल किबी अन्य जिल्लामा खपत हुन थालेको छ । अन्य जिल्लामा किबीले बजार र मूल्य नपाएको किसानले गुनासो गरिरहेको बेला यहाँको भकुण्डे, बिहुँ, बडिगाड, ढोरपाटन, निसीखोला र दुदिलाभाटीलगायत स्थानमा उत्पादन भएको किबी अन्यत्र हुन थालेको छ । मूल्यमा गिरावट आए पनि किबी अन्यत्रबाट माग आइरहेको किसानको भनाइ छ । जिल्लामा उत्पादन भएको किबी बुटवल,काठमाडौँ र पोखरालगायत स्थानमा बिक्री भइरहेको छ ।

विदेशमा समेत प्रशस्त उत्पादन हुने किबी बहुगुणी फलमध्येमा पर्छ । काठेखोला गाउँपालिका-५ बिहुँका खिमानद कँडेलले उत्पादन गरेको किबी बुटवल र काठमाडौँसम्म लैजान थालिएको छ । उहाँले किबी बिक्री गर्न थालेको दुई वर्ष भएको छ । कँडेलको १२ रोपनी क्षेत्रफलमा किबीखेती छ ।

यस्तै काठेखोला-७ का वडाध्यक्ष प्रेम लामिछाने, बागलुङ नगरपालिका-९ का वडाध्यक्ष राजु थापाले समेत यस वर्ष किबी



बजारमा पठाउनुभएको छ । एकपटकको लगानीले वर्षौँसम्म आम्दानी दिने बहुगुणी फल किबीप्रति यहाँका किसानको आकर्षण छ । मूल्य सस्तो भए पनि पोखरा, काठमाडौँ, बुटवल तथा नारायणगढसम्म किबी खपत भइरहेको छ ।

यस वर्ष एक हजार केजी किबी काठमाडौँलगायत ठूला सहरमा बजारीकरण गरेको किबी किसान खिमानन्द कँडेलले जानकारी दिनुभयो । किबीको मूल्य क्रमशः घट्दै गए पनि उत्पादन बढ्दै गएको उहाँको भनाइ छ । प्रतिकेजी रु तीन सयमा बिक्री हुँदै आएको किबीले क्रमशः बजार पाउन थालेपछि यहाँका किसान उत्साहित छन् ।

पछिल्लो समय बसाइँसराइका कारण बाँझो जग्गा बढ्दै गएको, खेतीयोग्य जग्गामा काम गर्ने जनशक्ति अभाव भइरहेका सन्दर्भमा जग्गाको सदुपयोग गर्ने प्रमुख माध्यम किबी बनेको छ । किबीको उत्पादन बढेपछि प्रतिकेजी रु छ सयबाट घटेर रु तीन सयमा झरेको भए पनि ठूला सहरमा किबीको माग रहेको वडाध्यक्ष प्रेम लामिछानेले जानकारी दिनुभयो ।

केही वर्ष पहिलासम्म बाहिरी जिल्लाबाट ल्याएर किबी बिक्री गर्दै आएका फलफूल व्यवसायी अहिले बागलुङकै गाउँगाउँमा उत्पादन भएको किबी बिक्री गर्न भ्याइनभ्याई भएको बताउँछन् । निसीखोला-४ स्थित लीला घर्तीले १२ रोपनी क्षेत्रफलमा उत्पादन गरेको किबी सोझै बुटवल लगिएको बताउनुहुन्छ । एकपटक गरेको लगानीले वर्षौँसम्म उत्पादन दिने घर्तीको भनाइ छ ।

किबीको नियमित सेवनबाट गर्भवती, रक्तचाप, मुटु र रुघाखोकीलगायत बिरामीलाई विशेष फाइदा पुग्ने भएकाले पनि बजारमा यसको माग बढी भएको स्वास्थ्यकर्मीको भनाइ छ ।रासस

# बाँकेका तीन उद्योगविरुद्ध मुद्दा दायर

नेपालगञ्ज । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जले यसवर्ष बाँकेका तीन वटा उद्योगविरुद्ध मुद्दा दायर गरेको छ । जिल्ला प्रशासन कार्यालय बाँकेमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन विपरीत कार्य गरेको भन्दै सो मुद्दा दायर भएको हो ।




नेपालगञ्ज उपमहानगरपालिका-१५ स्थित डिउ ड्रिप ड्रिङ्किङ वाटर उद्योग निरीक्षणका क्रममा उद्योगले पिउने पानी उत्पादन मापदण्डसम्बन्धी निर्देशिका २०७४ विपरीत उद्योग सञ्चालन गरेको, नियमित पानीको परीक्षण नगरेको, उद्योग परिसर फोहर राखेको पाइएपछि मुद्दा दायर गरेको खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय प्रमुख प्रशान्त पोखरेलले जानकारी दिनुभयो । सो उद्योगसँग रु चार लाख ५० हजार मागदाबी गरिएको छ ।

"ती उद्योगको उजुरी पनि परेको थियो र अनुगमन गर्दा कैफियत भेटिएकाले मुद्दा दायर गर्न बाध्य भएको हो" उहाँले भन्नुभयो । प्रमुख पोखरेलले वाई के डिट्रिङ वाटर उद्योगविरुद्ध अघिल्लो महिना मुद्दा दायर गरिएको बताउनुभयो । त्यसैगरी गत कात्तिक २५ मा नेपालगञ्ज १८ स्थित क्वालिटी चाउमिन उद्योगले लेबल नलगाई चाउमिन बिक्री गरेको पाइएपछि खाद्य ऐन २०२३ अनुसार तत्काल मुद्दा दर्ता गरेको थियो ।

बाँके र बर्दिया निरीक्षण गर्दा खाद्य स्वच्छताको प्रतिकुल खाद्य वस्तुमा मिसावट गर्ने, अनुमति पत्र नलिइ खाद्य व्यवसाय सञ्चालन गर्ने, प्याक गरिएको खाद्य वस्तुमा लेबल नलगाई बिक्री गर्ने गरिएको पाइएकामा त्यस्ता उद्योगीलाई सचेत गराइएको कार्यालयले जनाएको छ । रासस

# क्रिमसन टेकले जित्यो इनड्राइभ स्टार्टअप आइसिटी अवार्ड २०२४

**टुडे समाचारदाता**

काठमाण्डु । क्रिमसन टेक प्रालि इनड्राइभ स्टार्टअप आइसिटी अवार्ड २०२४ को विजेता बनेको छ । इनड्राइभ आइसिटी अवार्ड २०२४ अन्तर्गत इन्ड्राइभ स्टार्टअप आइसिटी अवार्ड विधाको विजेता क्रिमसन टेक बनेको हो ।

आइसिटी अवार्डसँग शीर्ष प्रायोजकको रूपमा सहकार्य गर्न पाउँदा गौरवान्वित भएको इनड्राइभले जनाएको छ । आइसिटी अवार्डले सन् २०१६ देखि सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा काम गर्दै आएका स्टार्टअप, व्यक्ति र संस्थाहरूलाई प्रोत्साहन तथा सम्मान गर्दै आएको छ ।




इनड्राइभका एसिया प्यासिफिक कम्युनिकेसन्स लिड पवित नन्दा आनन्दले भनिन्, "इनड्राइभले आईसीटी अवार्ड २०२४ सँग साझेदारी गर्न पाउँदा सम्मानित महशुस गरेको छ । इनड्राइभले आईसीटी क्षेत्रमा स्टार्टअपहरूका लागि पहिचान र सशक्तिकरणको महत्व बुझ्दछ, र अन्तर्राष्ट्रिय मञ्चमा उनीहरूका उपलब्धिहरूलाई प्रकाश पार्ने कार्यक्रममा योगदान दिन पाउँदा हामी गर्व गर्छौं साथै हामी इनड्राइभ स्टार्टअप आईसीटी अवार्ड २०२४ को विजेता "क्रिमसन टेक प्रालि" लाई पनि हार्दिक बधाई दिन चाहन्छौं ।"

आईसीटी अवार्ड उदीयमान प्रतिभाहरूको पहिचान र प्रदर्शन गर्न, उनीहरूलाई उद्योगमा महत्वपूर्ण प्रगति गर्न आवश्यक पर्ने एक्सपोजर र समर्थन प्रदान गर्ने भूमिकाका लागि प्रख्यात रहेको छ । इनड्राइभले प्राविधिक विकासमा स्टार्टअपहरूले खेल्ने निर्णायक भूमिकालाई मान्यता दिन्छ र भिजनसहितका आगामी पुस्तालाई समर्थन गर्न समर्पित रहेको छ ।

आईसीटी अवार्ड २०२४ का अध्यक्ष राजन लम्सालले भने, "हामी इनड्राइभलाई आईसीटी अवार्ड २०२४ को "टाइटल पार्टनर" को रूपमा अनबोर्ड गर्न पाउँदा उत्साहित छौं । प्रविधिको उन्नतिप्रतिको इनड्राइभको प्रतिबद्धता, आईसीटी सेक्टरमा नवीन स्टार्टअपहरूलाई पहिचान र उत्थान गर्ने लक्ष्य र हाम्रो लक्ष्यसँग पूर्णरूपमा मेल खान्छ । इनड्राइभको सहयोगले निस्सन्देह यस वर्षको अवार्डको सफलतामा योगदान पुर्‍याएको छ, र हामी विश्वव्यापी रूपमा उत्कृष्ट स्टार्टअपहरूको वृद्धि र पहिचानलाई थप प्रोत्साहन दिने सहयोगी प्रयासको लागि तत्पर रहेका छौं, साथै अवार्ड समारोहमा १५ वटा अवार्ड विधाहरू रहेका थिए र सातवटै प्रदेशका लागि विशेष मान्यता अवार्डहरू रहेका थिए ।"

# कालिगड पाउनै मुस्किल

फुङ्लिङ । जिल्लामा झिँगटीले छाएका घर अहिले हराउँदै गएका छन् । पहाडी क्षेत्रमा रहेका यस्ता घरले स्थानीय कला र वास्तुकलालाई समेटेर स्थानीय पहिचान निर्माण गरेका थिए । पछिल्लो समय झिँगटीले छाएका घर देखिन छाडेका छन् ।

सिदिङ्वा गाउँपालिका-४ साब्लाखुका जुमप्रकाश गौतम अहिले ९० वर्ष पुग्नुभयो । गाउँमा दक्ष झिँगटीको छाना लगाउने कालिगड उहाँले गाउँका धेरै घरमा झिँगटी बनाउने र घरमा छानो लगाउने काम गर्नुहुन्थ्यो । अहिले उहाँका सहकर्मी कालिगड सबैको निधन भइसक्यो । गाउँमा झिँगटीको छाना लगनाउने उहाँ मात्र हुनुहुन्छ । तर उहाँ अहिले अन्यको साहारामा बाँच्नुपरेको छ । गाउँमा उहाँले नै बनाएको झिँगटीको घरसमेत चुइन थालेका छन् । धेरैले त भत्काएर अर्को घर बनाएका छन् ।

सोही गाउँका मदन बरालको बुबाले २००४ साल अर्थात् ७७ वर्ष अगाडि झिँगटी छानो भएको घर निर्माण गर्नुभएको थियो । लामो समयपछि छानोबाट पानी चुइन थाल्यो । घरमा प्रयोग भएका काठ मक्किएर काम नलाग्ने हुन थाल्यो । तर मदनको बुबाले बनाएको घर भत्काउन मनले मानेन । संरक्षण गर्न झिँगटीको छानोमाथि त्रिपालले छोपेर राख्नुभयो ।



त्यो दीर्घकालीनका लागि नभएपछि बराल झिँगटीको छाना लगाउने कालिगड खोजी कार्यमा लाग्नुभयो । अन्तिममा कालिगड नपाएपछि घर भत्काउनुबाहेक अन्य विकल्प उहाँसँग रहेन । आफ्नो पुस्ताले पसिना बगाएर बनाएको घर भत्काउन मन नभए पनि घर भत्काएर अहिले अर्कै नयाँ घर बनाइएको छ । विसं २००३ अगाडि ताप्लेजुङमा प्रायः झिँगटीको घर बनेको स्थानीयको भनाइ छ।

पछिल्लो समय कालिगड अभावकै कारण झिँगटीका घर लोप हुँदै गएको छ । बरालका अनुसार मल्लकालीन शैलीमा बनेका यस्ता घरका बुट्टेदार झ्याल-ढोकाले ऐतिहासिकता झल्काए पनि सिकर्मीको अभाव, नयाँ पुस्तामा सीपको हस्तान्तरण नहुनु र विकासे परियोजनाले यस्ता कलालाई सङ्कटमा पार्दै लगेको छ ।

सिदिङ्वा गाउँपालिका-४ का दिलकुमार ताम्लिङ काठमाडौँ बसाइँ सर्नुभयो । तर उहाँका पुर्खाले करिब ८१ वर्ष पहिले बनाएको झिँगटीको घर भने केशव पन्दाकले रेखदेख गर्दै आउनुभएको छ । अहिले यस गाउँमा झिँगटीको घर भनेकै उहाँकै घरमात्र बाँकी छ ।

आठराई त्रिवेणी गाउँपालिकाका विभिन्न गाउँमा झिँगटीको छाना र मल्लकालीन शैलीका कलात्मक झिँगटी घर प्रशस्त देख्न पाइन्थ्यो । त्यस समयका घरमा बनेका काठका बुट्टा, ढोका, झ्यालमा कुँदिएका कलाले नेपालको प्राचीन वास्तुकलाको झल्को दिने घर देख्न पाइन्थ्यो । यस्ता संरचनालाई मात्र होइन, आफ्ना पुर्खाको सम्पत्ति र गौरवको रूपमा लिने गर्दथ्यो । यो वास्तुकला शैलीको संरक्षण गरि नुपर्नेमा अधिकांश स्थानीय सहमत भए पनि बदलिँदो समयका कारण उहाँहरूले झिँगटीको छाना हटाएर अन्य संरचना प्रयोग गर्न थालेको आठराई त्रिवेणी गाउँपालिका-५ लक्ष्मन राईले बताउनुभयो ।

उहाँका अनुसार पछिल्लो समयमा गाउँमा झिँगटी छानाका ठाउँमा आरसिसी ढलान र कर्कटपाताले ठाउँ लिँदै गएको छ । स्थानीयवासी घरलाई आधुनिक बनाउन र दीर्घकालीन मजबुत बनाउने उद्देश्यले परम्परागत शैलीलाई विस्थापित गरिरहेका छन् । यो परिवर्तनले परम्परागत कला लोप गराइरहेको छ, ताप्लेजुङको मौलिकतालाई पनि खतरा पुर्‍याइरहेको छ ।रासस

# नेपाल एसबिआई बैंक लिमिटेडको लुम्बिनी प्रदेश कार्यालय स्थानान्तरण




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसबिआई बैंकले आफ्नो सुर्खेत रोड, नेपालगन्ज उपमहानगरपालिका-०२, नेपालगन्ज, बाँकेमा अवस्थित लुम्बिनी प्रदेश कार्यालय सिद्धार्थनगर नगरपालिका-०८, नारायणपथ, भैरहवा, रुपन्देहीमा स्थानान्तरण गरी नयाँ परिसरबाट सेवा शुभारम्भ गरेको छ ।

उक्त प्रदेश कार्यालयको नयाँ भवन परिसर उद्धाटन नेपाल एसबिआई बैंक लि. का प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार देले बैंकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत राम कुमार तिवारी, प्रमुख सञ्चालन अधिकृत विकास आनन्द लगायतको उपस्थितिमा गरेका थिए ।

# दुधमति नदीको नक्सांकन तथा रेखाकंनको कार्य थालिने

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा-महोत्तरी क्षेत्रमा पर्ने ऐतिहासिक तथा धार्मिक दूधमति नदीको संरक्षण, जिर्णोद्धार र सौन्दर्यकरणका लागि आगामी आइतबारदेखि नक्साकंन तथा रेखाकंनको कार्य थालिने भएको छ।



मधेश प्रदेश सरकारको गौरवको आयोजनाका रुपमा रहेको दूधमति संरक्षण तथा सौन्दर्यकरण कार्यक्रम अन्तर्गत दुधमति नदी संरक्षण उच्चस्तरीय उपसमितिको मंगलबार बसेको बैठकबाट नदी क्षेत्रको जग्ग छुटाउन नक्साकन तथा रेखांकन गर्ने निर्णय गरिएको जनाइएको छ।

उपसमितिका अध्यक्ष उर्जा, सिचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवको अध्यक्षतामा बसेको उपसमितिको बैठकबाट दूधमति नदीको नक्सांकन तथा रेखांकन सहित विभिन्न ६ बुँदे निर्णय गरेको छ।

मंसिर १४ गतेदेखि शुरु हुने नक्सांकन अन्तर्गत नदी क्षेत्र नापजाँचको कामको अवधि ३ महिना दिइएको छ। दूधमति नदीको उद्गम स्थल क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर ५ अरजनवादेखि महोत्तरीको मटिहानी सीमावर्ती क्षेत्रसम्म गरिन उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले जनाएको छ।

दूधमति नदीको संरक्षण र सौन्दर्यकरण प्रदेश सरकारको गौरवको आयोजना रहेकाले आयोजना सम्पन्नपछि सो क्षेत्रमा पर्यटकीय र आर्थिक सहित कृषि क्षेत्रको समेत विकास हुने उपसमितिका अध्यक्ष मन्त्री यादवले बताए।

यी बाहेक उर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले विस्तृत अध्ययन प्रतिवेदन (डिपीआर) तयार गरिने, बजेटको व्यवस्थापन सम्बन्धित मन्त्रालयले गर्ने, डिपीआरपछि टेण्डर प्रक्रिया अघि बढाइने, चालू आर्थिक वर्षमा छुट्टयाइएको रकमबाट तत्काल कार्य अघि बढाइने र प्रचार प्रसार समिति गठन गर्ने सहितका निर्णय समेत गरिएको छ।

सो बैठकमा उपसमितिका पदाधिकरी, धनुषा र महोत्तरी जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, नापी तथा मालपोत कार्यालयका प्रतिनिधिसहित सरोकारवाला निकायका प्रतिनिधि, प्रहरी प्रशासन समेतको उपस्थिति थियो।

# कटहरिया नगरपालिकामा उपमेयरको नेतृत्वमा तालाबन्दी




**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको कटहरिया नगरपालिकाको कार्यालयमा उपमेयर रीता देवी यादवको नेतृत्वमा तालाबन्दी गरी नगरपालिकाको सम्पूर्ण कामकाज ठप्प पारेको छ।

मंगलवार उपमेयर यादवसहित वडा नम्बर १, २, ४, ५, ६ र ७ का वडाध्यक्षहरूले कार्यालयमा ताला लगाएका छन्। उपमेयर यादवको अगुवाइमा वडाध्यक्षहरूले मेयर अजय प्रकाशको मनोमानी शैलीको विरोध गर्दै बाध्यतामा यो कदम चालेको बताएका छन्।

ताला लगाएर योजना शाखा, लेखा शाखा र प्रमुख प्रशासकीय अधिकृतको कोठा लगायत नगर कार्यपालिकाको मुख्य भवनका सबै सेवा अवरुद्ध गरेको थियो।

मेयर अजय प्रकाशले उपमेयर यादवसहितका केही वडाध्यक्षहरूले ऐनकानुन विपरीत कार्य गर्न दबाब दिएको र त्यसो नगर्दा योजनावद्ध तवरले ताला लगाइएको आरोप लगाए।

उनले नियमअनुसार असन्तुष्ट पक्षसँग संवाद गर्न आफू सधैं तयार रहेको स्पष्ट पारे। सेवाग्राहीका काम अवरुद्ध भएपछि सर्वसाधारणले समस्या भोगिरहेका छन्।

# सुस्केरा स्वाभिमानको, पीडा पहिचानको



**हिमांशु चौधरी**

*के गर्दै छौं ?*
*कुश त पवित्र हुन्छ, अनि कुशसँग*
*रिस किन गर्छौ ?*
*जसले कष्ट दिन्छ, उसलाई जिउने*
*हक छैन, उसलाई नष्ट गर्नु नै पुण्य*
*हुन्छ*
*तर कुश त नष्ट हुँदैन, अवसर पाउँदै*
*पुनः हुर्कि हाल्छ*

होइन म यस्तो हुन दिन्न, उसले पुनः हुर्किने सम्भावना नै समाप्त गरिदिन्छु , म शत्रुलाई निर्मूल गर्नमा विश्वास राख्छु।

बालकको खुट्टामा कुश नामक घासले कष्ट पुऱ्याउँदा उसले कुशलाई नष्टलाई नै नष्ट गरिदिए । यो प्रसंग अनौठो लाग्छ, यो प्रसंग जनसंवेदनातर्फ लक्षित छ । चाणक्यको बाल्यकालको घटना हो यो । चाणक्यको खुट्टामा कुश गडेपछि उनले कुशको जरालाई समेत नष्ट गरिदिएका थिए।

यद्यपि कुशलाई आध्यात्मिक दृष्टिले पवित्र घास मानिएको छ । चाणक्य बाल्यकालको घटना भए पनि यसले कृते प्रतिकृतं कुर्याद् हिंसने प्रतिहिंसनम् , तत्र दोषो न पताति दुष्टे दुष्टं समाचरेत (जसले जस्तो व्यवहार गर्छ उसलाई उस्तै किसिमको व्यवहार गर्नु पर्छ।) जस्ता भावलाई दर्शाउँछ।

माथिका प्रसंगलाई यहाँ विद्यमान नश्लीय चिन्तनको अध्यायसँग जोड्ने प्रयास गरेको छु ।इतिहासमा नश्लीय चिन्तनका हृदय विदारक घटनाहरु छन् , त्यसका अवशेष वर्तमानमा पनि बेला बेलामा देखिने गरिएको छ । अपमानका सुस्केरामा कतिपयले भने , कतिपयले सहन गरे, को गलत, को सही, क्षण, सम्बन्धको चर्चा परिचर्चाका क्रम रोकिएको छैन । समय र शब्दको उपयोग लापरबाहीले हुनु हुँदैन, बुद्धि सबैसँग छ, चलाखी गर्नु छ कि इमानदारी, यो संस्कारमा निर्भर छ । तर्कले संसारमा गोता लगाउँछ, जब जब बाटो विराउँछ, अवस्थाले त्यसलाई सहारा दिन्छ । वस्तुतः श्रद्धा बुद्धिको प्रतिद्वन्दी होइन । तथापि यहाँ मधेश, मधेशीसँगको दुर्व्यवहारको पीडा कागजमा मात्र बिक्री भइरहेको छ । ठेलीदार लेखन मात्र भइरहेको छ।

चाणक्यको प्रसंगलाई कोट्याउनुको अर्थ




पीडा, अपमानसँग छ, घृणासँग छ। यस्ता अमानवीय, असहिष्णुताको प्रकोपबाट निर्मूल हुन इतिहासका पानादेखि हरेक दिनरातलाई टुलु टुलु नियाँल्नु एवं मूल्यको खोजको विषय मात्र बन्नु विडम्बनापूर्ण अवस्था छ। इतिहासमा सभ्यता, संस्कृति, शिक्षा, नौकरी, खानपान, रंग, भाषा, व्यवसायमा नश्लीय कीटाणु देखा पर्छ भने वर्तमानमा पठनपाठन, अध्ययन, खेल, राजनीतिको सम्बन्ध पातभैं भएको छ - हरियो, पहेलो र सुकेको। त्यसैले भन्न मन लागेको छ :

*सुस्केरा उही, थकाइ फरक*
*पीडा उही, दुखाइ फरक*
*दर्शन उही, ढोगाइ फरक*
*कर्म उही, भोगाइ फरक*
*मानिस उही, सोचाइ फरक*
*आँखा उही, हेराइ फरक*
*जिब्रो उही, बोलाइ फरक*
*तराजु उही, जोखाइ फरक*
*पानी उही, चोखाइ फरक*

............/ निधि अर्थात महेन्द्रनारायण निधिको दुर्दान्त राजनीतिक यात्रा पनि सुस्केरा भित्र छ । रामराजा प्रसाद सिंह, गजेन्द्र नारायण सिंहको सपनाको दुखाइ छ। महन्थ ठाकुरको दर्शनको ढोगाइ र दुर्गानन्द झाको जोखाइ फरक छ , विमलेन्द्र निधिको पीडा छ , रामचन्द्र झाको कर्मको भोगाइ फरक छ। हुँदा हुँदै उपेन्द्र यादव र सीके राउतको हेराइ पनि फरक भएको छ। राउतले चाहना र सपना नै मरिसकेको अनुभूति गरिरहेका छन् भने उपेन्द्र यादवको सोचाइ पृथक भएको बुझाइ छ। शिक्षातर्फ राजेन्द्र विमल र भोगेन्द्र झा प्रोफेसर हुन नसकेको कर्म र भोगाइको फरक छ । उही नश्लीय तराजुमा एनपीएलमा रंगभेदी चिन्तनको बोलाइले घातक प्रहार गरेको छ। खेललाई एकता , भाइचारा ,सोहार्द्रको रुपमा लिनु पर्नेमा साम्प्रदायिकताको होड गरी खेलको भविष्यमाथि नै प्रश्न चिन्ह खडा गर्ने अनुमानुष स्वरुप प्रदर्शन गरिएको छ।

डा. राममवरण यादवको जीवनका अनगिन्ती भोगाइ होला, परमानन्द झाको पीडा असंख्य होला तापनि मुस्काराउने दोडमा कमी नहुनु तमाशाको क्रमभंगता होला, गुरुदेव कामतको सपनाका महल भत्काउनेको जिब्रो र बोलाइको घातकी फरकलाई क्षम्यको ओत दिइएको तथ्य पनि कठपुतली स्वरुप ग्रहण गरेको छ। यति हुँदा हुँदै पनि नश्लीयताकै ओतमा शुभ लाभको ताश खेल्ने पात्रको दासत्वको अवस्था पनि विष समाननै छ ।जब विनाशको बेला बुद्धिले काम गर्दैन, भ्रमित हुन्छ। जसरी राम सुनको मृगलाई समात्न उसको पछि पछि दगुडेका थिए। रामलाई यो पनि थाहा थियो स्वर्णमृग हुँदैन तर स्वर्णमृगको पछि पछि लाग्नु झै मधेशीमाथिको विभेद, दुराग्रह, अपमान, अमानवीयता, गिद्धे दृष्टिको अन्त्य कहिले होला ? मोमबत्तीलाई जसरी अन्तमा थाहा हुन्छ कि उसलाई समाप्त गर्ने त्यही धागो हो जसलाई उसले छातीमा टाँसेर राखेको छ भन्ने यथार्थतर्फ ध्यानाकृष्ट हुनु जरुरी छ।

शरीरको सीमा हुन्छ, बिरामी हुन्छ, थाकिन्छ, भोक लाग्छ, निद्रा लाग्छ, जन्म लिन्छ, केही क्षण बिताउँछ, मृत्यु हुन्छ, इच्छाको यी अवस्थाहरुसँग नत कुनै नाता र सम्बन्ध हुन्छ, नत उमेर र मत्यु । सीके राउतले ओशोको जन्म दिनका अवसरमा आयोजित कार्यक्रममा भने - अमेरिका बस्दा जिज्ञासु थिएँ, असंख्य जिज्ञासा थियो, सपनाहरु थिए, उपन्यास लेखन गर्ने आख्यानहरु थिए तर अब सबै क्षतविक्षत भइ सकेको छ, नत जिज्ञासा छ न त सपनाहरु छन् । उपेन्द्र यादव नश्लीयताका कारकका रुपमा राजतन्त्र ,कांग्रेस, एमाले र माओवादीलाई दिनचर्या बनाएका छन्। नश्लीय आक्रान्तकै सेरोफेरो भन्न मन लागेको छ - मधेशी र धोती हिजो पनि थिएँ, मधेशी र धोती आज पनि छु, हिजो स्वाभिनको खोजमा थिएँ, आज पहिचानको खोजीमा छु।

# १४ लाख रुपैयाँसहित एकजना पक्राउ

**टुडे समाचारदाता**

राजविराज । स्रोत नखुलेको रकम सहित पक्राउ परेका सप्तरीका एक व्यापारीलाई अदालतले बैंक तथा वित्तीय कारोबार सम्बन्धी ऐन २०७३ को कसुर अन्तर्गत मंगलबार दोस्रो पटक सात दिने म्याद थपेर अनुसन्धान गर्न अनुमति थप गरेको छ।

राजविराज- ७ का ३५ वर्षीय महेन्द्र साहलाई थप ७ दिन हिरासतमा राखी अनुसन्धान गर्न सप्तरी जिल्ला अदालतले प्रहरीलाई अनुमति दिएको छ।

साह किराना व्ययवसायी हुन्। उनलाई पुस ४ गते प्रहरीले स्रोत नखुलेको १४ लाख ७ सय रुपैयाँ सहित पक्राउ गरेको थियो।

पहिलो पटक सोही दिन बैंक तथा वित्तिय कारोबार सम्बन्धी ऐन २०७३ को कसुर अन्तर्गत प्रहरीले अनुसन्धान गर्न ७ दिने म्याद थप गराई अनुसन्धान प्रक्रिया अगाडी बढाएको थियो।

राजविराज- ७ स्थित सिरहा रोड घर भएका साहको सप्तरीकै विष्णुपुर गाउँपालिकामा किराना पसल सञ्चालनमा रहेको छ।

हुण्डी कारोबार भइरहेको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको टोलीले राजविराज नगरपालिका-७ स्थित साहको कोठाबाट स्रोत नखुलेको उक्त रकम सहित साहलाई नियन्त्रणमा लिएको थियो।

अनुसन्धान प्रक्रिया जारि नै रहेकोले दोस्रो पटक म्याद थप गराईएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए।

# प्रधानमन्त्रीसँग जिल्लाका समस्या समाधानका लागि ध्यानाकर्षण

**दिलीप पाण्डेय**

रौतहट । रौतहट जिल्लाका सिमानाकामा लगाइएको चारपांग्रे सवारी साधन रोक, अधुरो पुल निर्माण, र जिल्लाको समग्र विकासका मुद्दाहरूमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटघाट गरिने भएको छ।



नेकपा एमाले रौतहट क्षेत्र न. १ का सांसद प्रत्याशी र रौतहट जिल्ला इन्चार्ज अजय कुमार गुप्ताको नेतृत्वमा हुने उक्त भेटघाटमा जिल्लाका प्रमुख समस्या र तिनको समाधानका उपायहरूमा ध्यानाकर्षण गराएका छन्।

रौतहट जिल्लाका विभिन्न सिमानाकाहरूमा चारपांग्रे सवारी साधनको आवागमनमा रोक लगाइएपछि त्यसले स्थानीय जनजीवनमा गम्भीर असर पारेको छ।

जनताले दैनिक यात्रामा समस्या भोग्नुका साथै व्यापार र आर्थिक गतिविधिमा पनि प्रत्यक्ष असर परेको छ । यसका साथै, बागमती नदी र बकैया नदीमा बनिरहेका पुलहरू अझै अधुरो अवस्थामा छन् । पुल निर्माण अधुरो हुँदा सवारी साधनको आवागमनमा अवरोध सिर्जना भएको छ भने मानिसहरूलाई वैकल्पिक मार्ग प्रयोग गर्दा समय र लागत दुवैमा वृद्धि भएको छ।

रौतहट जिल्ला इन्चार्ज अजय कुमार गुप्ताले भनेका छन्, "जिल्लाका समस्या अब दिगो समाधानतर्फ जानुपर्छ । यातायात रोक हटाउनुका साथै अधुरा विकास आयोजनाहरू पूरा गर्न सरकारको ध्यानाकर्षण आवश्यक छ।"

नेता गुप्ताले पुल निर्माण कार्यलाई तीव्रता दिन र जिल्लाका अन्य विकास आयोजना अघि बढाउन शीघ्र पहल गरिनुपर्ने बताए।

# भाडामै स्थानीय तहको सरकार सञ्चालन

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको चारवटा स्थानीय तहको कार्यालय अहिलेसम्म भाडामै प्रशासनिक कार्यालय सञ्चालन गरिरहेको छ।

स्थानीय तह गठन भएको सात वर्षभन्दा बढी समय विते पनि चारवटा पालिकाले अझैसम्म भाडाकै घरमा कार्यालय सञ्चालनमा गर्दै आएका छन्। जिल्लामा रहेको १४ पालिकामध्ये एक नगरपालिका र तीन गाउँपालिका कार्यालय अहिलेसम्म भाडाकै घरमा सञ्चालन हुँदै आएको अवस्था छ।

चार पालिका रहेको पर्सामा बहुदरमाई नगरपालिका बाहेक सबै नगरपालिकाले आफ्नो भवनमा पालिका कार्यालय सञ्चालन गर्दै आएका छन् । त्यस्तै, विन्धवासिनी गाउँपालिका, छिपहरमाई गाउँपालिका र जिराभवानी गाउँपालिका कार्यालय अहिलेसम्म भाडाको घरमा सञ्चालमा भइहेको स्थानीयहरूले बताएका छन्।




जिराभवानीगाउँपालिकाकामेघराजरायले बताए अनुसार सुरुको समयदेखि अहिलेसम्म जिराभवानी गाउँपालिका कार्यालय भाडाको घरमा सञ्चालनमा गर्दै आएको बताए। उनका अनुसार यो गाउँपालिका कार्यालय तीवटा घर भाडामा लिएर पालिका भवन सञ्चालन गरिरहेको अवस्था छ । जिराभवानी गाउँपालिकाका एकजना कार्यपालिका सदस्यका अनुसार भाडाको घरमा कार्यालय सञ्चालन हुँदा मासिक ७० हजारभन्दा बढी भाडा पालिका कार्यालयले तिर्दै आएको छ। उनका अनुसार पालिका भवन निर्माणका लागि पटक-पटक आवाज उठे पनि गाउँपालिका अध्यक्षसहितका केही जनप्रतिनिधिले चासो नै नलिएको अवस्था रहेको छ।

त्यस्तै कालिकामाई गाउँपालिका कार्यालयले पालिका भवन निर्माण गर्न जग्गा खरिद गरेको भए पनि कार्यालय भवन बनाउन नसकेको स्थानीय दिनेश चौरसियाले बताए।

एनले ०७४ सालको स्थानीय निर्वाचनमा जितेका जनप्रतिनिधिहरूले पालिका भवन निर्माण गर्न जग्गा खरिद गरेको बताए।

पर्साका केही स्थानीय तहहरूले कार्यालय भवन निर्माण गर्न जग्गा पनि खरिद गरेको भए पनि सो जग्गामा अहिलेसम्म भवन निर्माण गर्न नसक्दा भाडाको घरमा कार्यालय सञ्चालन गरिरहेका छन्। पालिका भवन नहुँदा केही पालिका वडामा रहेको सामुदायिक भवन, विद्यालयको छात्रावासदेखि वडा कार्यालयको भवनमा पालिका कार्यालय सञ्चालन गरिरहेको स्थानीयहरू बताउँछन्।

पकाहा मैनपुर गाउँपालिका कार्यालय जिल्लाकै सामाजिक संस्था दिव्या युवा क्लबले बनाएको सामुदायिक भवनमा सञ्चालित रहेको छ। सानो भवन रहेको भवनमा केही नयाँ संरचना निर्माण गरेर पालिका भवन सञ्चालनमा ल्याएको स्थानीय राकेश यादवले बताए।

त्यस्तै पटेर्वा सुगौली गाउँपालिका कार्यालय मन्दिरको नाममा रहेको भवनमा सञ्चालन हुँदै आएको स्थानीय प्रमोद यादवले बताए । पटेर्वा सुगौली गाउँपालिका कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको यादवले बताए। यस्तै कालिकामाई गाउँपालिका र धोबिनी गाउँपालिकाले वडा कार्यालयको भवनमा सञ्चालनमा रहेको स्थानीयहरूले बताएका छन्। स्थानीय सन्तोष पटेलका अनुसार धोबिनी गाउँपालिका कार्यालय वडा कार्यालयकै भवनमा सञ्चालनमा रहेको अवस्था रहेको छ।

केही वर्ष पहिले पशु स्वास्थ्य केन्द्रको भवनमा सञ्चालन हुँदै आएको पालिका कार्यालय अहिले वडा नम्बर ४ लंगडीको भवनमा सञ्चालन हुन थालेको पटेलले बताए।

संखुवा प्रसौनी गाउँपालिका कार्यालयले विद्यार्थीका लागि बनाएको छात्रावासको भवनमा आफ्नो कार्यालय सञ्चालन गरिरहेको जनप्रतिनिधिहरू जनाएका छन्।

स्थानीय तह गठन हुनुभन्दा अगाडिदेखि पर्साका केही पालिका कार्यालय आफ्नै भवनमा सञ्चालित रहेका छन् । पर्साको एक मात्र वीरगन्ज महानगरपालिका र पोखरीया नगरपालिका सुरुको समयदेखि आफ्नो भवनमा कार्यालय सञ्चालन गरिरहेको अवस्था छ । यस्तै, गत वर्ष पर्सागढी नगरपालिकाले आफ्नो कार्यालय भवन निर्माण गरेपछि पालिका कार्यालय आफ्नै भवन सारेको छ।

त्यस्तै जिल्लाको ठोरी गाउँपालिका र जगरनाथपुर गाउँपालिकाले पनि आफ्नो भवन निर्माण गरेर पालिका कार्यालय सञ्चालन गर्दै आएको अवस्था छ। ठोरी गाउँपालिका र जगरनाथपुर गाउँपालिकाका तत्कालीन पालिका अध्यक्षहरूले नै आफ्नो कार्यकालमा पालिका भवन निर्माण गरेर पालिका भवन सञ्चालन गरेका थिए।

यी पालिका कार्यालयहरूले आफ्नो भवनमा कार्यालय सञ्चालनमा ल्याएपछि लाखौं रुपैयाँको आर्थिक भार घट्दै गएको ठोरी गाउँपालिकाका सन्दीप बस्नेतले बताए।

पालिकालाई नमुना बनाउन योजना लिएर आएका जनप्रतिनिधिहरू कार्यालय भवन पनि पहिलो कार्यकालमा बनाएको थियो।

स्तन क्यान्सरका लक्षणहरु

- स्तन वा काखी मुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्र तर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसंग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमा यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८